म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ११९ मंगलबार, २५ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 10 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमतीका चार सचिवलाई दोहोरो जिम्मेवारी

हेटौंडा, २४ मंसिर/बागमती प्रदेशमा १४ मन्त्रालयमध्ये ७ सचिव पदरिक्त हुँदा प्रशासनिक कार्य प्रभावित भएको छ । समस्याको समाधानका लागि प्रदेश सरकारलाई सचिवहरुलाई दोहोरो जिम्मेवारी तोक्नुपरेको छ । हाल ४ सचिवले दोहोरो जिम्मेवारी सम्हालिरहेका छन् । उदाहरणका लागि, राजेन्द्रकुमार केसीले उद्योग वाणिज्यसँगै संस्कृति तथा पर्यटन मन्त्रालयको जिम्मेवारी सम्हालिरहेका छन् भने पूर्णबहादुर दर्जीले प्रदेशसभा सचिवालयसँगै आन्तरिक मामिला तथा कानुन मन्त्रालयको काम सम्हालेका छन् । सामाजिक विकास मन्त्रालयका सचिव बद्रीनाथ गैह्रेलाई मन्त्रिपरिषद्ले युवा तथा खेलकुद मन्त्रालयको समेत सचिवको जिम्मेवारी दिएको छ । तर, दोहोरो जिम्मेवारी बाँड्दा पनि स्वास्थ्य मन्त्रालय सचिवविहीन छ । स्वास्थ्य मन्त्रालयको यसअघिका सचिव बद्रीबहादुर खड्काले अनिवार्य अवकाश पाएपछि स्वास्थ्य मन्त्रालयमा सचिव पदरिक्त रहँदै आएको छ । संघले कर्मचारी नपठाउँदा र सचिवहरुको सरुवाले समस्या थपिएको छ । यस विषयमा संघ सरकारसँग समन्वय भइरहेको प्रदेश सरकारका प्रवक्ता सुरजचन्द्र लामिछानेले बताएका छन् ।

पत्रकार महासंघ निर्वाचन

# बागमती प्रदेश अध्यक्षमा सारुमगर र देवकोटाको उम्मेदवारी

### उपाध्यक्ष र महासचिवमा मकवानपुरका हुमागाई र दाहाल

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ नेपाल पत्रकार महासंघ बागमती प्रदेशको नयाँ नेतृत्वका लागि मकवानपुरका कृष्ण सारुमगर र नुवाकोटका शिव देवकोटाको उम्मेदवारी परेको छ ।

प्रदेश निर्वाचन समितिका अनुसार सोमबार अपरान्ह प्रकाशित अन्तिम मनोनयन नामावलीअनुसार प्रदेश अध्यक्षमा दुई जनाको आबेदन परेको छ । अध्यक्षमा नेपाल प्रेस युनियनका देवकोटा र प्रेस सेन्टरका सारुमगरको भिडन्त पक्का भएको हो । नेपाल प्रेस युनियन र प्रेस चौतारीको प्यानलबाट देवकोटा पुनः अध्यक्षका लागि मैदानमा आएका हुन् । प्रेस सेन्टर, समाजवादी प्रेस संगठनलगायतका संगठनको साझा उम्मेदवार सारुमगर छन् । उनी वर्तमान महासचिव पनि हुन् ।

निर्वाचनमा होमिएका देवकोटा र मगर दुवैले बागमती प्रदेशका १० जिल्ला (उपत्यकाको काठमाडौं, ललितपुर र भक्तपुर बाहेक) मा मतदाता भेटघाटलाई तीव्रता दिएका छन् । देवकोटाको प्यानलबाट प्रदेश खुला उपाध्यक्षमा हरिप्रसाद हुमागाईं र सारुमगरको प्यानलबाट भोलाप्रकाश पौडेलले उम्मेदवारी दिएका छन् । मकवानपुरका हुमागाईं पत्रकार महासंघ मकवानपुरका निवर्तमान अध्यक्ष पनि हुन् । उपाध्यक्ष (महिला) मा देवकोटाको प्यानलबाट बिमला पाण्डे र सारुमगरको प्यानलबाट गीता अधिकारी छन् ।



यस्तै, महासचिवमा देवकोटाको प्यानलबाट राधेश्याम खतिवडा र सारुमगरको प्यानलबाट राजन दाहालले उम्मेदवारी दिए । खतिवडा पत्रकार महासंघ चितवनका निवर्तमान अध्यक्ष र दाहाल पत्रकार महासंघ मकवानपुरका पूर्वसचिव हुन् । खुला सचिवमा देवकोटा प्यानलबाट श्यामप्रसाद खतिवडा र सारुमगर प्यानलबाट शशिधर सुमन गैरेले उम्मेदवारी दर्ता गराएको प्रदेश निर्वाचन समिति संयोजक प्रताप विष्टले जानकारी दिए ।

सचिव (समावेशी)मा काजी श्रेष्ठ र चन्द्रकला खत्री, कोषाध्यक्षमा सन्तोष भुजेल र शंकर अधिकारीले उम्मेदवारी दर्ता गराए । श्रेष्ठ र अधिकारी देवकोटा प्यानलबाट तथा खत्री र भुजेल सारुमगर प्यानलबाट उठेका छन् । ३ जना महिला सदस्य चाहिनेमा ६ जनाले उम्मेदवारी दिए । निर्वाचन समितिकाअनुसार श्रीजा थापा, मिना श्रेष्ठ, रुपा अर्याल, समिक्षा पाण्डे, सुनिता रखालमगर र सुनिता सापकोटाले मनोनयन दर्ता गराए । १ जना सदस्य (दलित)का लागि केशव नेपाली र यात्री छिदाल परियार, २ जना सदस्य (जनजाति)का लागि उमेश राई, सुवर्णलाल श्रेष्ठ, ज्ञानेन्द्र तामाङ तथा १ जना सदस्य (अल्पसंख्यक)का लागि गौतम जिरेल र राजन थामीको उम्मेदवारी परेको छ ।

५ जना खुला सदस्यका लागि उज्ज्वल अधिकारी, केदार माझी, तारानाथ न्यौपाने, प्रज्वल पौडेल, बालगोविन्द न्यौपाने, राजेन्द्र गजुरेल, वरुण लामिछाने, सन्तोष अधिकारी, सन्तोष चौलागाईं र सुनिल विष्टको उम्मेदवारी दर्ता भएको निर्वाचन समिति संयोजक विष्टले जानकारी दिए ।

नेपाल पत्रकार महासंघको केन्द्र, प्रदेश र जिल्लाको २८ मंसिरमा एकैदिन निर्वाचन हुँदैछ । बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म मतदान सकिएपछि सोही दिन मतगणना हुनेछ । प्रत्यक्ष निर्वाचन प्रणालीअनुसार जिल्लाका मतदाताले पनि केन्द्र र प्रदेशमा उम्मेदवारलाई मत दिन पाउनेछन् । केन्द्रीय समितिका लागि २१ मंसिरमा नै मनोनयन दर्ता भइसकेको छ । केन्द्रीय अध्यक्षमा युनियन र चौतारीको साझा उम्मेदवार निर्मला शर्मा र प्रेस सेन्टर, समाजवादी प्रेसलगायतका ६ वटा संगठनबाट रमेश विष्ट उम्मेदवार रहेका छन् ।

सदस्यता विवादका कारण पटक-पटक महासंघको महाधिवेशन स्थगित हुँदै आएको थियो । सदस्यता विवादकै कारण अध्यक्ष विपुल पोखेल, वरिष्ठ उपाध्यक्षबाट रमेश विष्टले पदबाट राजीनामा दिएका थिए । उपाध्यक्ष बाला अधिकारीले कार्यबाहकको रुपमा महासंघको निर्वाचन गराउँदैछिन् । बागमती प्रदेशको चितवनमा पनि सदस्यता विवादको निरुपण भइसकेको छैन ।

**मकवानपुरको मनोनयन बुधवार**

नेपाल पत्रकार महासंघ मकवानपुरको नयाँ कार्यसमिति चयनका लागि भोलि २६ मंसिर बुधवार मनोनयन दर्ता हुने जिल्ला निर्वाचन समिति संयोजक भानुभक्त आचार्यले जानकारी दिए ।

जिल्ला अध्यक्षका लागि हालसम्म प्रेस सेन्टर, समाजवादी प्रेसलगायतका संगठनबाट अञ्जली थापा र स्वतन्त्र पत्रकार संघबाट सुरेश श्रेष्ठले उम्मेदवारी घोषणा गरेका छन् । प्रेस चौतारी र प्रेस युनियनको साझा उम्मेदवार टुंगिन बाँकी रहेको छ । दुई संगठनको सहमतिअनुसार मकवानपुरमा चौतारीबाट नेतृत्व गर्ने लगभग पक्कापक्की भइसकेको छ । नेपाल पत्रकार महासंघ जिल्ला, प्रदेश र केन्द्रको मतदान कार्यक्रम हेटौंडा-५, स्थित हेटौंडा रिगल रिसोर्टमा गर्ने निर्णय जिल्ला कार्यसमितिले गरेको अध्यक्ष मणिराज गौतमले जानकारी दिएका छन् ।

# मनमोहक हेटौंडाको वनस्पति उद्यान




साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ लोपोन्मुख वनस्पतिको खोज, अनुसन्धान र संरक्षण गर्दै आएको वनस्पति अनुसन्धान केन्द्र, वृन्दावन वनस्पति उद्यान मकवानपुर पर्यापर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएको छ ।

वन तथा वातावरण मन्त्रालयको वनस्पति विभागअन्तर्गत रहेको वृन्दावन वनस्पति उद्यान अध्ययन, भ्रमण र पर्यापर्यटनको अनुपम गन्तव्य बनेको हो । पर्यावरणीय सुन्दरता, चराचुरुङ्गीको धुन, आनन्ददायी वातावरणका कारणले पनि उद्यानमा अवलोकन, भ्रमण गर्नेको आकर्षण बन्दै गएको छ ।

उद्यान वनविज्ञान (फरेस्ट्री), वनस्पति विज्ञान (बोटानी), फार्मेसी र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) मा अध्ययन गर्ने विद्यार्थी शैक्षिक भ्रमण, अध्ययन र घुम्नका लागि आउनेको आकर्षणको केन्द्र बन्दै गएको हो । देशमै पहिलोपटक यहाँ गरिएको 'सम्मानित वृक्षरोपण' पनि यहाँको आकर्षण छ । उद्यानलाई स्थानीय र अवलोकनकर्तासँग नाता गाँसियोस् भन्ने अभिप्रायले २०७८ सालदेखि सेरेमोनियल प्लान्टेसन प्लटको अवधारणा विकास गरिएको हो ।

वनस्पति उद्यानभित्र बिल्कुलै नयाँ ढाँचाको थिमेटिक गार्डेन बनाउने उद्देश्यले उद्यान भित्रको करिब एक हेक्टर भन्दा बढी रिक्त रहेको जग्गामा सम्मानित वृक्षरोपण गरिएको छ । यहाँ रुद्राक्ष, सीता अशोक, पीपल, छतिवन, चिउरी, अमला, वर, समी, कपुर, कटहर, बेल, राजवृक्ष, कदम, नीम, अर्जुन, आँप, जमुना, श्रीखण्ड, चाप, तेजपात, अगस्ती, दार, हर्रो, इमली, सुगन्ध कोकिलालगायतका बिरुवा रोपिएको छ ।

उद्यानमा ६५० भन्दा बढी प्रजातिका वनस्पतिहरुको वंशाणु स्रोत संरक्षित छन् । जिल्ला भित्रका एवम् चुरे क्षेत्रका विभिन्न स्थानबाट वनस्पति सर्वेक्षण, संकलन गरी पहिचान गर्ने र वनस्पतिहरुको हर्वेरियम नमुना संरक्षित गर्ने कार्य गर्दै आइरहेको छ । अध्ययन अनुसन्धानका क्षेत्रमा यस केन्द्रले स्थापना कालदेखि नै विभिन्न जडीबुटी तथा आर्थिक महत्वका वनस्पतिहरुको अध्ययन गरी खेतीप्रविधि विकास गरेको छ ।

त्यसैगरी विभिन्न आदिवासी तथा जनजातिले प्रयोग गर्दै आइरहेका वनस्पतिको अभिलेखिकरण गर्दै वनस्पति प्रयोग र संरक्षणबारे सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । बिरुवा उत्पादन गरी वितरण गर्ने, विभिन्न सामग्री प्रकाशन गरी वितरण गर्ने, पर्यावरणीय सौन्दर्य बढाइ पर्यापर्यटन अभिवृद्धि गर्ने र आर्थिक विकासमा टेवा पुर्‍याई गरीबी न्यूनीकरणमा सहयोग पुर्‍याउने लक्ष्यका साथ प्राविधिक तथा विविध सेवा पुर्‍याउँदै आएको छ ।

केन्द्रले वनस्पति सम्पदाको विस्तृत सर्वेक्षण, संकलन तथा पहिचान गर्ने वनस्पतिको वंशाणु स्रोतसंरक्षण गर्ने, जडीबुटीसम्बन्धी अध्ययन, अनुसन्धान गरी खेतीप्रविधि विकास गर्ने, सुगन्धित तेलयुक्त वनस्पतिको तेल प्रतिशत परीक्षण गर्ने, प्राविधिक दृष्टिले फाइदाजनक जडीबुटीको सूचना प्रवाह गर्ने, परम्परागत वनस्पति उपयोगसम्बन्धी अध्ययन (एथ्नो बोटानिकल स्टडी), अनुसन्धान गरी वनस्पति तथा जैविक स्रोतको उपयोगसम्बन्धी ज्ञानलाई अभिलेखीकरण गर्ने, जडीबुटीको बिरुवा उत्पादन तथा वितरण गर्ने, जडीबुटी संरक्षण, खेती तथा प्रशोधनका बारेमा तालिम तथा सेवा प्रदान गर्नेलगायत उद्देश्य यो कार्यालयको रहेको छ ।

कार्यालयले अहिले जडीबुटीको गुणस्तरीय बिरुवा उत्पादन गर्ने, जडीबुटी खेतीप्रविधि विकास गरी प्राविधिक सीप हस्तान्तरण गर्ने, जडीबुटी प्रजातिका वासस्थान संरक्षण तथा व्यवस्थापन गर्ने, जडीबुटीसम्बन्धी सूचना तथा नमूना प्रदर्शन गर्ने, जडीबुटी खेतीप्रति कृषकलाई अभिप्ररित गर्ने, महत्वपूर्ण जडीबुटीसम्बन्धी समयसामयिक अध्ययन, अनुसन्धान गरी स्थानीय जनसमुदायलाई जडीबुटी खेतीतर्फ प्रोत्साहित गर्ने, वनस्पतिहरुको सर्वेक्षण गरी दुर्लभ, लोपोन्मुख तथा संकटापूर्ण अवस्थाका वनस्पति संरक्षण गर्ने कार्य गरिरहेको छ ।

# भ्रष्टाचार नियन्त्रण गर्न सबै एकजुट हुनुपर्छः मुख्यमन्त्री लामा



साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले भ्रष्टाचार नियन्त्रण गर्न सबै एकजुट हुनुपर्नेमा जोड दिएका छन् । भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस २०८१ को अवसरमा सोमबार हेटौंडामा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनल भ्रष्टाचार नियन्त्रणका लागि मन्त्रालय देखि कार्यपालिका, न्यायपालिका सबै एकताबद्ध र एकजुट हुनुपर्नेमा जोड दिएका हुन् ।

हिजोको विधिले मात्रै भ्रष्टाचार नियन्त्रण सम्भव नभएको भन्दै उनले अब बन्ने विधि प्रविधिमैत्री हुनुपर्ने बताए । उनले राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी र आमनागरिक सबैको सम्पत्ति पहिचान भएमात्रै भ्रष्टाचार नियन्त्रण हुनसक्ने बताए । ऐन कानुन मात्रै ल्याएर नहुने बताउँदै उनले भ्रष्टाचार नियन्त्रणको विधि आवश्यक रहेको औंल्याए ।

कार्यक्रममा बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले भ्रष्ट आचरण बढ्दै गएकोमा चिन्ता व्यक्त गरे । उनले पछिल्लो समय मानिसहरु केवल द्रव्य कमाउन मात्रै केन्द्रित भएको भन्दै उनले कानुन, नियमको परिधि उलंघनको क्रम बढ्दो क्रममा रहेको उल्लेख गरे ।

उनले विकास र समृद्धिको बाधक भ्रष्टाचार भएकाले यसको नियन्त्रण र न्यूनीकरणमा सबैले इमानदारी प्रस्तुत गर्न आवश्यक रहेको जिकिर गरे । सो क्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल र अखितयार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाका कार्यालयप्रमुख उमाकान्त आचार्यले भ्रष्टाचारको प्रकृति र प्रवृत्ति फरक हुँदै गएको र गैरकानुनी लेनदेन समाजमा फरक तरिकाले हुँदै आएको बताए ।

सरकारी प्रतिवेदन, महालेखाको प्रतिवेदनले सबैलाई गिज्याइरहेको भन्दै उनीहरुले राज्यका कुनै पनि नीति निर्माणमा संलग्नमा सदाचारी, इमानदार नभएसम्म भ्रष्टाचार न्यूनीकरण र नियन्त्रण हुन नसक्ने उल्लेख गरे । बागमती प्रदेशका प्रमुख सचिव डा.हरिप्रसाद लम्सालको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेशका मन्त्री, सचिव, कर्मचारीलगायतको सहभागिता रहेको थियो ।

# 'द ए साइड' फुटबल प्रतियोगिताको अन्तिम चरणमा



साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ हेटौंडामा आयोजना हुन लागेको १५ वर्षमुनिको ८ ए साइड फुटबल प्रतियोगिताको खेल तालिका सार्वजनिक भएको छ । 'राष्ट्रिय खेलाडी बन्ने होड उत्पादनमा जोड' भन्ने मुल नारासहित पिप्ले युवा क्लव हेटौंडाको आयोजना तथा हेटौंडा-५ नम्बर वडा कार्यालयको मुख्य प्रायोजनमा हुन लागेको प्रतियोगितामा २० वटा टिमले सहभागिता जनाएका छन् ।

आइतबार आयोजकले पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताको बारेमा जानकारी दिनुका साथै खेलतालिका पनि सार्वजनिक गरेको छ । खेलतालिकाअनुसार प्रतियोगिताको उद्घाटन नागस्वती फुटबल एकेडेमी विरुद्ध हर्नामाडी सृजनशील क्लव रहेको छ ।

प्रतियोगितामा नागस्वती फुटबल एकेडेमी, हर्नामाडी सृजनशील क्लब, न्यू डाँफे युथ क्लब, पिप्ले युवा क्लब (यू-१३), बार्सा हेटौंडा, ज्ञानज्योति युवा क्लब, रियलस्टार क्लब, निजगढ फुटबल क्लब, कमाने फुटबल एकेडमी, बाल्मिकी शिक्षा सदन (चितवन), श्री पञ्चशिल युवा क्लब, दिव्य स्पोर्टस् एकेडेमी, बीरगंज स्पोर्टस् एकेडेमी, चौघडा फुटबल एकेडेमी, देवनगर फुटबल क्लब, गैरिवारी फुटबल एकेडेमी (चितवन), एफडी डाँडाबास, हेटौंडा एकेडेमी, पिप्ले युवा क्लब (यू-१५) र शिखर क्लब, थाहानगर क्वब रहेको आयोजक पिप्ले युवा क्लबका अध्यक्ष सुविन घिमिरेले जानकारी दिए ।

हेटौंडा-५ मा रहेको पिप्ले क्याम्पा रंगशालामा हुने प्रतियोगिताको विजेताले ५० हजार र उपविजेताले २५ हजार रुपैयाँ सहित ट्रफी प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ५ हजार ५ सय रुपैयाँ प्राप्त गर्नेछन् भने विधागत उत्कृष्टले जनही नगद ३ हजार ५ सय रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् ।

प्रतियोगिताको लागि करिब ४ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । घिमिरेकै नेतृत्वमा रहेको एफसी मुण्डियालले अघिल्लो वर्ष यू २१ फुटबल प्रतियोगिता आयोजना भएको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सामुदायिक विद्यालयका सिकायत

यतिबेला सामुदायिक विद्यालयको गुणस्तरको विषयमा ब्यापक चिन्ता ब्यक्त भइरहेका छन् । अझ सामाजिक संजालमा हेर्ने हो भने शिक्षकलाई तथानाम गालिगलौजको भाषा प्रयोग भइरहेको छ । विद्यालय वडाको राजनीत गर्ने थलोको रुपमा विकसित भएको छ । अभिभावकको आरोप शिक्षकले पढाएनन् भन्ने नै हो । शिक्षकले दोष विद्यार्थीमाथि थापरिरहेका छन् । पछिल्लो समय विद्यार्थीले पढाइमा ध्यान दिनै छोडेका छन् । कोभिड-१९ महामारीपछिका दिनमा बालबालिकाको सिकाइउपलब्धीमा लगातार ह्रास आइरहेको छ । कतिपय पालिकाहरुले मन नपरेका शिक्षकलाई सरुवालगायत बिभिन्न बहानामा तनाव दिएका छन् । एउटा शिक्षक उच्चमनोबलका साथ कक्षाकोठामा पस्ने वातावरण नबनेसम्म शिक्षण सिकाई प्रक्रिया प्रभावकारी हुनै सक्दैन । भौतिक संरचना कमजोर भएका सामुदायिक विद्यालयमा स्थानीय सरकारको चासो कम छ । विद्यालय शिक्षाको पूर्वाधारमा लगानी गर्न स्थानीय सरकारलाई 'काउसोको माला' झैं भएको छ । शिक्षकले तलब मात्र खान्छन्, कक्षाकोठामा प्रभावकारी काम भएन भन्ने गलत भाष्य स्थापित गरिएको छ । यति हुँदाहुँदै पनि सामुदायिक विद्यालयमा सुधार गर्न सकिन्छ भनेर केही उदाहरणीय प्रयासको थालनी भएका छन् ।

सामुदायिक विद्यालयमा भएका भौतिक पूर्वाधारलाई सदुपयोग गर्ने र विद्यार्थीलाई अध्ययनको वातावरण बनाउने हो भने परिवर्तन सम्भव छ भनेर लाग्नेहरुको संख्या पनि बढेको छ । विद्यालय शिक्षा विधेयकको दफावार छलफल गर्न बोलाइएको बैठकमा अधिकांश सांसद अनुपस्थित भएकै कारण बैठक स्थगित भएको समाचार आएको छ । सांसदहरु नै बैठकमा नआएपछि केहीबेर खोजी भएको थियो । समितिका सभापतिले बैठक स्थगित भएको जानकारी गराउँनु पर्ने अवस्था भनेको लाजमर्दो कुरा हो । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिको आइतबारको बैठकमा विद्यालय शिक्षा विधेयकमाथि छलफल गर्ने कार्यसूची थियो । दिउँसो दुई बजेलाई बैठक निर्धारण गरेर समितिले शुक्रबार सूचना जारी गरेको थियो । तर, निर्धारित समयमा समितिमा भएका २४ सदस्य मध्ये १० जना मात्रै उपस्थित भएपछि बैठक नै स्थगित भएको थियो । आफूलाई शिक्षा दिने गुरुबर्ग वा शिक्षकलाई गाली गर्न जानेका शिक्षाप्रेमीको सामाजिक संजालमा किन यो समाचारले स्थान पाउन सकेन त ? शिक्षामा भएको प्रहारले देशलाई नै ध्वस्त बनाउन सक्ने तर्क गरिन्छ । नेपाललाई ध्वस्त बनाउन शिक्षाक्षेत्र तहसनहस बनाइदिए पुग्छ । शक्तिकेन्द्रको यही अभियानलाई हाम्रा सामाजिक संजालका उपभोक्ताहरुले बिनापैसा साथ दिइरहेका छन् । थोरै भएपनि सकारात्मक भएर प्रतिक्रिया दिने हो भने आशा पलाउन सुरु हुने थियो । एस्ट्रोनोभा फाउन्डेसन नेपालले शनिबार हेटौंडामा शिक्षण सिकाई प्रक्रियामा स्टीम पेडागोजीलाई कसरी एकीकृत गरी शैक्षिक गुणस्तर हासिल गर्न सकिन्छ भन्ने विषयमा बहस गरेको छ ।

विद्यालयमा शिक्षण सिकाइमा काठमाडौं विश्वविद्यालयको सहकार्यमा हेटौंडाका सामुदायिक तथा निजी विद्यालयका संचालक तथा प्राचार्यहरुसँग छलफल गरेको हो । यो बहसले सामुदायिक विद्यालयमा विद्यार्थीको रुचिअनुसार पढाउन सके शिक्षाको क्षेत्रमा ठुलो परिवर्तन आउने एष्ट्रोनोभा फाउन्डेसनको धारणा छ । छलफलमा काठमाडौं विश्वविद्यालयका एजुकेसनका एसोसिएट डीन, प्राडा. हेमराज काफ्लेले प्रधानाध्यापकको नेतृत्व भूमिकाबारे आफ्नो अनुभव सेयर गरेका थिए । प्रधानाध्यापकको नेतृत्व सवल र सक्षम हुने हो भने विद्यालय सफल हुन धेरै पर्खनु पर्दैन । तर, हाम्रो समाजमा राम्रो गर्न खोज्ने प्रअलाई हटाउने खेल सुरु भइहाल्छ । यस्तो खेल गाउँघरमै हुन्छ टाढा जानै पर्दैन । सामुदायिक विद्यालयमा देखिएका समस्या चनौती मात्र होइन अवसर पनि हो । शिक्षामा केही भएन भनेर शिक्षकलाई गाली मात्र गरेर सिकाई उपलब्धी बढ्दैन । शिक्षकलाई कक्षाकोठामा उच्चमनोवलका साथ प्रबेश गर्ने वातावरण बनाउने र विद्यार्थी केन्द्रित बिधिका बारेमा स्थानीय सरकारले पर्याप्त लगानी गर्न जरुरी छ । समयसापेक्ष शिक्षा प्रदान गर्न नसकेको खण्डमा १२ कक्षापछि उच्चशिक्षाका लागि विद्यार्थी नेपालमा अड्याउन सकिने अवस्था छैन ।

# सबै बजेट गौरवका योजनामै खन्याउने कुरा हुँदैन



✍ कमलबहादुर शाह

६ वर्ष अघि सुदूरपश्चिम प्रदेशको तत्कालीन सरकारले ल्याएको प्रदेश गौरवको योजनाको अवधारणा धेरै राम्रो भए पनि बजेट क्षमता, व्यावहारिक पक्षलाई त्यति ख्याल गरिएन । समग्रमा सबै जिल्ला र पालिका जोड्ने सडक सञ्जाल विस्तार गर्ने योजनालाई नराम्रो भन्न मिल्दैन ।

तर, गौरवका योजनाहरूलाई हामीले सम्पन्न गर्न त्यही अनुसारको बजेट विनियोजन गर्न सक्नु पर्छ । गौरवका आयोजना भनेर घोषणा गरिदिने तर तिनको कार्यान्वयनलाई बजेट उपलब्ध गराउन नसक्ने अवस्था रह्यो भने त्यसले प्रतिफल दिन सक्दैन । त्यसैले योजना छनोट गर्दा बजेट सुनिश्चितता गर्नुपर्छ ।

हामीसँग भएका गौरवका योजनाहरूलाई पूर्णता दिन सकेका छैनौं । बजेटको अभावमा ती योजना अल्झिरहेको अवस्था छ । यसमा हामी समीक्षा गर्दैछौं । प्रदेश नीति तथा योजना आयोगमार्फत गौरवका योजनाहरूको अध्ययन गर्दैछौं । डिटेल रिपोर्ट आइसकेपछि त्यही अनुसार अगाडि बढ्छौं ।

गौरवका योजनाहरूमा सडक सञ्जालमात्रै छन् । सडक बनाउनु राम्रो कुरा हो । जनताको दैनिक जीवनमा पनि यसको महत्त्व हुन्छ । बजारीकरणमा सहज हुन्छ । सडक जति बनाउन सक्यो, त्यति नै राम्रो हो । यसलाई अन्यथा भन्न मिल्दैन । तर योजना छनोटमा विविधीकरण पटक्कै भएन । यसका लागि चाहिने मुख्य कुरा बजेट नै हो । सबै बजेट यसैमा केन्द्रित भयो भने अरू क्षेत्र प्रभावित हुन्छन् । विकास भनेको सडकमात्रै होइन । शिक्षा, स्वास्थ्य, कृषि, पर्यटनलगायतलाई पनि सरकारले हेर्नुपर्छ । त्यसैले ती गौरवका योजनाको निर्माण पनि चरणबद्ध रूपमा नै अगाडि बढ्छन् ।

**महत्वाकाक्षी गौरवका योजना**

गौरवका योजनाहरू पहिचान र नामकरण गर्दा हामो अवस्था, क्षेत्रलाई हेरेर दिनुपर्थ्यो भन्ने मेरो भनाइ हो । वास्तवमा यो गौरवका योजनाहरू सम्पन्न गर्ने आधार हामीसँग देखिएन । नौ-नौ वटा गौरवका योजना सम्पन्न गर्दैगर्दा अर्बौंको होइन, खर्बौं पैसा लाग्छ । केन्द्रमा गौरवका योजना छन् । जसमा निश्चित स्रोतसँगै निश्चित समयभित्र सम्पन्न गर्ने लक्ष्य हुन्छ । तर हामीकहाँ त्यो पनि भएन । गौरवका योजनाभन्दा पनि सडक सञ्जाल विस्तार योजना भनेर राखेको भए हुन्थ्यो । तर नौ-नौ वटा योजनालाई गौरवका योजनाभित्र राखिदिएपछि हाम्रो बजेटको सीमितताले त्यसलाई कभर गर्न सकेको छैन । कार्यान्वयनमा ढिलाइ हुनुको मुख्य कारण यही नै हो ।

गौरवको योजना दुई-चार वर्षमै सम्पन्न हुन सक्दैनन् । प्रदेश सरकारको सबै बजेट यसमै खन्याउने कुरा हुँदैन । प्रदेश सरकारले अरू क्षेत्रलाई पनि हेर्नुपर्ने हुन्छ । सरकारका लागि जनताको चासो जोडिएका सबै क्षेत्र उत्तिकै महत्त्वपूर्ण हुन्छन् । शिक्षा, स्वास्थ्य, कृषि लगायतका क्षेत्रलाई सरकारले नजरअन्दाज गर्न मिल्दैन । ती क्षेत्रका लागि पनि समुचित बजेटको व्यवस्था गर्नु सरकारको कर्तव्य र जिम्मेवारी पनि हो ।

यसरी बजेट सबै क्षेत्रमा बाँडफाँट गर्नुपर्ने भएकाले ठुलो खर्च लाग्ने गौरवका योजनालाई आवश्यकता अनुसार बजेट उपलब्ध गराउन समस्या हुन्छ । किनकि हामीसँग बजेटको स्रोत सीमित छ । त्यही सीमिततामा रहेर हरेक क्षेत्रमा काम गर्नुपरेको अवस्था छ ।

गौरवको योजना भनेर तत्कालै सम्पन्न गर्नै पर्ने भन्ने होइन । बजेट उपलब्धता अनुसार तिनका लागि प्रदेश सरकारले उपयुक्त बजेटको व्यवस्था गर्दै आएको छ । हामीले खण्ड-खण्डमा गरी ती योजनाको कामलाई निरन्तरता दिइरहेका छौं । काम हुँदै नभएको होइन तर मुख्य कुरा, ती सबै योजनालाई पूर्ण क्षमतामा सञ्चालन गर्न सक्ने बजेटको स्रोत सुनिश्चित नहुँदा अपेक्षा अनुसार काम नभएकोजस्तो देखिएको हो । तर काम नै नभएको भने होइन ।

**पुनर्मूल्याङ्कन हुन्छ**

कुनै पनि योजनाको काम गर्दा मुख्य कुरा बजेट नै हो । त्यतिबेला गौरवका योजना राख्दा सडकको मात्र नराख्नुपर्ने थियो । सबै क्षेत्र समावेश गरेर राखेको भए बजेट पनि त्यसरी नै बाँडफाँट गर्न सजिलो हुन्थ्यो । एकातिर गौरवका योजना भनेर भनियो तर सबै योजना सडककै मात्र राखियो । जसले गर्दा गौरवका योजनालाई बजेटमा प्राथमिकता दिऊँ न त भन्दा अन्य क्षेत्रलाई बजेट नहुने अवस्था हुन्छ ।

एकदुई वटा कृषिको, एकदुई वटा पर्यटनका योजनाहरू राखिदिएको भए हुन्थ्यो । जसले गर्दा काम बजेट विनियोजन गर्न सहज हुन्थ्यो । यसअर्थमा तत्कालीन सरकारले ल्याएका यी योजनाहरूलाई अदूरदर्शी भन्न त मिल्दैन तर महत्वाकाक्षी योजना नै हुन् । यद्यपि ती योजना आवश्यक नै हुन् । यसलाई गौरवकै रूपमा नराख्दा हुन्थ्यो । राखेपछि सबै क्षेत्रको समावेश गरेर राख्नुपर्थ्यो । यसकारण यसमा बजेट व्यवस्था गर्न गाह्रो भएकै छ ।

त्यसो त विनियोजित बजेट खर्च नहुने समस्या पनि छ । पर्याप्त जनशक्ति नहुँदा बजेट खर्च हुन नसक्ने अवस्था छ । बजेट विनियोजन गर्दा सबै मापदण्ड पूरा नगरेका कारण पनि बजेट खर्चमा प्रगति नहुने समस्या छ । हाम्रो प्रक्रिया नै त्यस्तै छ । केही मापदण्ड पूरा नभएका कारणले पनि बजेट कार्यान्वयनमा जान नसक्ने अवस्था रहन्छ । त्यस कारण यहाँको बजेट ६० प्रतिशत, ६५ प्रतिशत खर्च हुने अवस्था विद्यमान छ । बाँकी बजेट जनशक्ति अभाव, प्राविधिक कुरा र केही प्रक्रियागत कुराले विलम्ब हुन जान्छ ।

अब हामी यी गौरवका योजनाहरूको बारेमा समीक्षा गर्दैछौं । नीति तथा योजना आयोगमार्फत यी योजनाका बारेमा पुनर्मुल्याङ्कन र पुनर्विचार गर्दैछौं । तर त्यसो भन्दै गर्दा हटाउने भन्नेचाहिँ होइन । तर त्योभित्र के-के समस्या छ ? कहिलेसम्म सम्पन्न गर्न सकिन्छ ? पहिलो वर्ष कति सकिन्छ ? दोस्रो वर्ष कति सकिन्छ ? त्यो खाकासहित हामी छलफल गर्छौं ।

स्वाभाविक रूपमा यो मेरो दोस्रो कार्यकाल हो । गौरवका योजनाहरूको बारेमा पुनर्मुल्याङ्कन र पुनर्विचार भइसक्नुपर्ने हो । तर केही राजनीतिक घटनाक्रमले पनि प्रभाव पार`को छ । एक किसिमको लयमा गइसकेपछि फेरिने राजनीतिक घटनाक्रमले क्रम भङ्ग हुने अवस्था सिर्जना हुन्छ । मेरोमा ३-४ महिना डिस्टर्ब नभएको भए स्वाभाविक रूपमा त्यो प्रक्रियामा गइसक्थ्यो । बजेट बनाउने समय भनेको विशेष गरी माघ, फागुनदेखि असारसम्म हो । यो समयावधिमा यसको विषयमा व्यापक छलफल गर्न सकिन्थ्यो । तर राजनीतिक घटनाक्रमकै कारण सकिएन ।

पछिल्लो समय पनि असारमा एउटा सरकारले बजेट ल्यायो, अर्को सरकारले त्यो बजेटमा परिमार्जन गर्नुपर्ने, पुनर्लेखन गर्नुपर्ने मात्रै भयो । त्यस कारण मेरो उद्देश्य अनुरूप गर्न सकेको छैन । अहिले म समीक्षामै छु । अब बजेट विनियोजन भइसकेको अवस्थामा नयाँ शीर्षकमा, नयाँ कार्यक्रममा बजेट विनियोजन गर्न सक्दैनौं । अब आउने बजेटसम्म धेरै कुरा क्लियर गरेर जानुपर्छ भन्ने मान्यतामा म आफैं लागेको छु । *साभार: रातोपाटी*

# स्थानीय उपनिर्वाचनको सङ्केत र सन्देश

✍ डिल्लीराम मिश्र "कलमजीवी"

नेपाली समाजमा विभेद्कारी राज्यसत्ताकै कारण देशमा अराजकता, द्वेष, ईर्ष्या, असामाजिक र अवाञ्छित क्रियाकलापहरु चर मरुपमै बढोत्तरी भइरहेका छन् । अहिले सत्ता राजनीतिक संस्कृतिको विकृतीकरणकै अर्को स्वरुप आजको भ्रष्टीकरण राज्यसत्ता हो । नेपालमा सत्ता र शक्तिको छत्रछायामा रहेका व्यक्ति कानुनभन्दा कति गुणा माथि हुन्छन् भन्ने दृष्टान्त तत्कालीन कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारी प्रकरणबाट फेरि प्रदर्शित भएको छ । उनलाई कोशी प्रदेशको मानव तस्करमन्त्रीको उपमा दिए पनि हुन्छ । आफू मन्त्री रहेको मन्त्रालयको नाममा नक्कली परिचयपत्र जारी गरेर आफैं नक्कली कार्यालय प्रमुख बनी तीनजना युवालाई सँगै लिएर जापान गएका लीलाबल्लभ मानव तस्करीको आरोपमा पक्राउ परेका थिए । उनीविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता भए पनि सरकारी वकिल कार्यालयले मन्त्री अधिकारीलाई उन्मुक्ति दिएको छ । किनकि सरकारको नेतृत्वमा केपी शर्मा ओलीजस्ता राष्ट्रको दोहन गर्ने पात्र रहेका छन् ।

संसदीय लोकतन्त्रमा स्थानीय तहलाई शासनप्रणालीको आधारस्तम्भ मानिन्छ । लोकतन्त्र बलियो हुन र आमनागरिकको मनमा भिज्न विधि विधान अनुरुप देशमा शासन सञ्चालन हुनु अपरिहार्य हुन्छ, तर यसको विपरीत आज मुलुकमा शासनसत्ता क्रियाशील रहेको छ । देशमा सैंय गणतान्त्रिक संविधान कार्यान्वयनमा आएपछि २०७४ र २०७९ सालमा दुई-दुईपटक स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभा सदस्यको लागि निर्वाचनहरु सम्पन्न भएका हुन् । अहिले विभिन्न कारणवश रिक्त रहेका स्थानीय तहका ४४ पदको लागि उपनिर्वाचन सम्पन्न भएको छ । गत मङ्सीर १६ मा सम्पन्न यस उपनिर्वाचनमा ३७६ जना उम्मेदवारले निर्वाचनमा प्रतिस्पर्धा गरेका थिए । स्थानीय तह उपनिर्वाचनमा पुराना ठूला राजनीतिक दलहरुको दबदबा नै कायम रह्यो भने सिटमा मात्र केही अदलबदल भएको छ । निर्वाचन आयोगका अनुसार यस निर्वाचनमा कुल ४४ स्थानमध्ये नेका १९, एमाले ८, माओवादी केन्द्र ११, जसपा २ तथा एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, नेमकिपा र स्वतन्त्र एक-एक स्थानमा विजयी भएका छन् । यसअघि २०७९ सालको निर्वाचनमा यी ४४ सिटमध्ये नेका २७, एमाले ८, माओवादी केन्द्र ७ तथा जसपा र स्वतन्त्र एक-एक स्थानमा विजयी भएका थिए ।

गत मङ्सीरमा शान्तिपूर्णरुपमा सम्पन्न स्थानीय तह उपनिर्वाचनअन्तर्गत ३४ जिल्लाका जिल्ला समन्वय समिति प्रमुख २, नगर पालिकाका मेयर-उपमेयर एक-एक, गाउँपालिकाको अध्यक्ष २, उपाध्यक्ष ४ र ३४ वडाध्यक्ष गरी ४४ पदको लागि उपनिर्वाचन भएको हो । यस निर्वाचनको लागि साना-ठूला गरी २५ वटा राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएका थिए । यस निर्वाचनमा २ लाख २६ हजार ७ सय ९९ मतदाता रहेका थिए । कुल मतदातामध्ये महिला १ लाख ११ हजार ८ सय ९६ र पुरुष १ लाख १४ हजार ९ सय रहेका थिए । निर्वाचन आयोगद्वारा स्वीकृत नामावलीमा २०८१ मङ्सीर १५ गतेसम्म १८ वर्ष उमेर पुगने व्यक्तिलाई मतदाताको रुपमा समावेश गरिएको छ । यस हिसाबले देशको पछिल्लो कुल मतदाता संख्या १ करोड ८१ लाख २८ हजार ८ सय ३२ पुगेको छ । गत २०७९ को निर्वाचनदेखि यस उपनिर्वाचनसम्म आइपुग्दा ३९ हजार ८ सय ९४ मतदाता थपिएका छन् । यसरी हेर्दा देशको कुल जनसंख्यामा मतदाताको भार ६३ प्रतिशत रहेको छ । मतदानमा सहभागी नहुने १८ वर्षभन्दा मुनिको जनसंख्या ३७ प्रतिशत छ । यस उपनिर्वाचनमा झन्डै ६२.५ प्रतिशत मतदान भएको छ भने सबैभन्दा कम काठमाडौं-१६ मा ५० प्रतिशत र सबैभन्दा बढी डोल्पाको त्रिपुरासुन्दरीमा ८३ प्रतिशतसम्म मत खसेको छ । यस निर्वाचनमा १ सय ६२ मतदानस्थल र २ सय ९३ मतदान केन्द्र कायम गरिएका थिए ।

हालै सम्पन्न स्थानीय तह उपनिर्वाचनलाई लिएर देशका ठूला राजनीतिक दल नेपाली कांङ्ग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले आ-आफ्नै दृष्टिकोणबाट निर्वाचनको सतही समीक्षा गरेका छन् । यी राजनीतिक दलहरुले यसपटकको उपनिर्वाचनलाई आफ्नो प्रतिष्ठाको विषय बनाउँदै मिनी जनमतसङ्ग्रहको रुपमा लिएका थिए, तर निर्वाचनप्रति मतदाताको खासै उत्साह देखिएन । दलहरुको प्रारम्भिक समीक्षाअनुसार सत्तारुढ दल नेकाले सिट संख्या घटे पनि अघिल्लो स्थानीय तह निर्वाचनमा भन्दा विनागठबन्धन प्राप्त परिणामलाई उपलब्धिमूलक भनेको छ । यद्यपि उसले विगत निर्वाचनमा प्राप्त गरेको सिट संख्या झन्डै ३० प्रतिशतले घटेको छ, तर कीर्तिपुर नगरपालिकाको मेयर पदको निर्वाचनमा अघिल्लो पटकभन्दा यसपटक एक्लै प्रतिस्पर्धा गर्दा उसले मत बढाएको छ । नेकाले गत निर्वाचनमा गठबन्धनबाट कीर्तिपुरको मेयरमा विजयी भए पनि एमालेसँग झीनो मतको अन्तर थियो ।

यस्तै सत्ता गठबन्धनको नेतृत्व गरि रहेको दल नेकपा एमालेले पदाधिकारीहरुमा उपलब्धि हासिल भए पनि अपेक्षित नतिजा हात पार्न नसकेको हल्काफुल्का निष्कर्ष निकालेको छ । यस निर्वाचनको बारेमा एमालेको निष्कर्ष रुन्चे हाँसोजस्तै हो । यस उपनिर्वाचनमा एमालेको पक्षमा जनमत घट्नुको कारण केपी शर्मा ओलीको सत्ता उन्माद एवम् साना र नयाँ राजनीतिक दलहरुप्रति गरेको रुखो नकारात्मक टिप्पणी नै हो । विशेष गरी काठमाडौं महानगरपालिकाका प्रमुखप्रति गरिएको जङ्गली संवाद नै हो । आफू पनि काम नगर्ने र काम गर्ने एउटा जवान मेयर प्रति सधैं हस्तक्षेप गरिरहने । देशको एउटा प्रधानमन्त्री मेयरजस्तो ऊर्जाशील जनप्रतिनिधिप्रति तल्लोस्तरमा झरेर पाँडेगाली गर्न कति सुहाउने सवाल हो ? केपी शर्मा ओलीको नकारात्मक टिप्पणीकै कारण नेकपा एमाले ओरालो लागेको पत्तै छैन र यो ओरालो लाग्ने क्रम आगामी आमनिर्वाचनसम्म जारी नै रहनेछ । केपी ओलीको यस्तो चरित्रमा सुधार नहुने हो भने एमालेको जनमत पनि ओलीसँगै सती जाने निश्चित छ ।

संसद्मा प्रमुख प्रतिपक्षमा रहेको नेकपा माओवादी केन्द्रले भने यस उपनिर्वाचनलाई भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा नयाँ सङ्कल्पका रुपमा लिँदा सफलता हात परेको प्रारम्भिक समीक्षा गरेको छ । माओवादीले यस उपनिर्वाचनमा प्रमुख पदका साथै सिट संख्यामा समेत वृद्धि गरेको छ । खाली रहेका ४४ स्थानमध्ये नेकाका ४३.१९ प्रतिशत उम्मेदवार विजयी भएका छन् भने नेकपा एमालेको यो स्थिति १८.१८ प्रतिशतमा सीमित हुन पुगेको छ । यस्तै नेकपा माओवादी २५ प्रतिशत स्थानमा विजयी भएको छ । यस निर्वाचनमा एमाले तेस्रो दल बन्न पुगेको छ । नेकपा एमालेको सन्दर्भमा नेकपा माओवादीले उपनिर्वाचनमा धेरै सुधार गरेको छ र जनमत बढाएको पनि छ । यस उपनिर्वाचनमा यी तीनवटा ठूला राजनीतिक दलले ८६.३७ प्रतिशत सिट कब्जा गरेका छन् । अरु साना दल र स्वतन्त्रले गरी १३.६३ प्रतिशत सिट प्राप्त गरेका छन् ।

नेकपा एकीकृत समाजवादीले पनि निर्वाचनमा खासै अस्तित्व देखाउन सकेन भने राष्ट्रिय प्रजातन्त्र पार्टी प्रतिस्पर्धामै आउन सकेन । यस्तै काठमाडौं महानगरपालिका-१६ वडाको निर्वाचनलाई विशेष गरी नेका र एमालेले मिनी जनमतसङ्ग्रहकै रुपमा लिएका थिए । यस वडामा पहिलोपटक स्थानीय तह निर्वाचनमा भाग लिएको राष्ट्रिय स्वतन्त्र पार्टी घण्टी चिह्नले निर्वाचनमा विजय प्राप्त गर्ने अपेक्षा लिएको थियो । काठमाडौं महानगरपालिकाजस्तै सुविधा सम्पन्न वडामा ५० प्रतिशतको हाराहारीमा मतदान हुनु राजनीतिक दलप्रतिको नकारात्मक उपहास हो ।

यस वडाको निर्वाचनमा खसेको मतको झन्डै ३० प्रतिशत मत प्राप्त गरी राष्ट्रिय स्वतन्त्र पार्टीका प्रत्यासी रोजिना श्रेष्ठले निर्वाचनमा बाजी मारेकी छन् । नेका र एमाले भने क्रमश: दोस्रो र तेस्रो स्थानमा रहेका छन् । यस्तै केपी ओलीको जिल्ला कन्काई नगरपालिका-६ झापामा सामाजिक अभियन्ता दुर्गा प्रसाईं र राष्ट्रिय स्वतन्त्र पार्टीको समर्थनमा स्वतन्त्र उम्मेदवार लक्ष्मीप्रसाद ओली विजयी भएका छन्, जुन सिट २०७९ मा एमालेले जितेको थियो । यस उपनिर्वाचनमा कालीकोट जिल्लास्थित तिलगुफा नगरपालिका-४ बाट नेमकिपाका खड्कबहादुर शाही निर्वाचित भएका हुन्, जुन वडामा यसअघि नेकपा माओवादी विजयी भएको थियो ।

नेपालको राष्ट्रिय राजनीतिमा यस उपनिर्वाचनले केही सङ्केत र सन्देश छाडेको छ । त्यो के भने, पहिलो- देशमा कम्युनिस्ट वर्चश्व देखिन्छ, दोस्रो- सबै कम्युनिस्टहरु एकै ठाउँमा आउने हो भने प्रजातान्त्रिक शक्ति कमजोर देखिन्छ । यस्तै तेस्रो क्रम नेकपा माओवादीले जुन शैलीले निर्वाचनमा विजय प्राप्त गऱ्यो त्यसलाई माओवादीको रिभाइवल भन्न सकिन्छ, तर सबैको आ-आफ्नै निजी स्वार्थ र पदीय भागवण्डाको कारण नेपालका कम्युनिस्टहरु एकै ठाउँमा आउन असम्भव छ र उनीहरु आउनु पनि हुँदैन । यस्ता लुटेरा चरित्र भएका कम्युनिस्टहरु एकै ठाउँमा आउँदा राष्ट्रलाई झनै घाटा छ । यस्तो अवस्थामा नेकाले रणनीतिक रुपमा अघि बढ्नुपर्ने देखिन्छ भने एमाले त झनै ओरालो लागेको लक्ष्य देखियो । यस उपनिर्वाचनमा एमालेले लाभ लिन सकेन भने कांग्रेसको स्थिति पनि खस्किएकै अवस्था छ । माओवादी पहिलेको तुलनामा केही बलियो भएको छ । शहरी क्षेत्रमा यी तीनैवटा दलप्रतिको असन्तुष्टि र निरासा कायमै देखिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी काठमाडौं महानगरपालिकामा विजयी भए पनि उसले ग्रामीण क्षेत्रमा विश्वासिलो वातावरण बनाउन सकेको देखिँदैन ।

स्थानीय तह उपनिर्वाचन २०८१ को एउटा विशेषता के देखियो भने, तीन दशक लामो दलीय प्रवृत्तिले नै पुन: निरन्तरता पाएको छ । यस उपनिर्वाचनबाट मुलुकमा अहिले पनि निर्णायक शक्ति भनेको परम्परागत मानिएका तिनै भ्रष्ट राजनीतिक दलहरु नै हुन् भन्ने तथ्य पुष्टि भएको छ । शहरी क्षेत्रलगायत झापा जिल्लाको ग्रामीण बस्तीलाई हेर्दा केही हदसम्म सचेत नागरिक दलको परम्परागत मतभन्दा माथि उठेको देखियो । काठमाडौं महानगरपालिकामा राष्ट्रिय स्वतन्त्र पार्टी निर्वाचनमा विजयी हुँदा अहिले पनि शहरी मतदाताको दृष्टिकोण पुराना दलहरुप्रति सकारात्मक छैन भन्ने नै देखिन्छ । सधैं चर्चामा रहने र परस्पर मेल नखाने एउटा सवाल आमनागरिक र मतदाता पुराना दल र तिनको शासनशैलीबाट दिक्क छन् भनिन्थ्यो, सबै त्यही भन्थे, तर जनता पुराना दल र तिनको शासनशैली र परिणामसँग खुशी वा सन्तुष्ट नै छन् कि ? विकल्प दिन्छौं भनेहरु झन् कमजोर र अविश्वसनीय भए भन्ने प्रश्न पनि उठिरहेको छ । यतिखेर सबैले गम्भीर भएर सोच्नुपर्ने मुख्य प्रश्न बनेको छ । यस उपनिर्वाचनले अर्को के पनि पुष्टि गरेको छ भने, मतदाता परिवर्तनकामी हुन्छन्, कसैको दासदासी र पेवा हुँदैनन् भन्ने मूल्य मान्यतालाई पनि अस्वीकार गरिदिएको छ, जुन मुलुकको लागि सकारात्मक सङ्केत हैन ।

तथापि, अहिले ४४ सिट मात्रैमा भएको स्थानीय तह उपनिर्वाचनले देशको राष्ट्रिय राजनीतिलाई खासै निर्देशित गर्न नसक्ला, तर यसले ८४ को निर्वाचनमा आम सचेत मतदाता परिवर्तनको पक्षमा रहेको सकारात्मक सङ्केतचाहिँ अवश्य देखाएको छ । परम्परागतका लुटेरा राजनीतिक दलहरुप्रति असन्तुष्टि र नयाँ विकल्पप्रतिको आकर्षण स्पष्ट देखिन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर २६ गते बुधबार ११ डिसेम्बर २०२४ । एकादशी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:३५, सूर्यास्त ५:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : निर्माण कार्यमा प्रगति | **तुला** | : विद्यार्थीका लागि लाभदायक |
| **वृष** | : सामाजिक काममा सफलता | **वृश्चिक** | : सम्मानित काम हुनेछ |
| **मिथुन** | : सन्तानबाट खुशी मिल्ने | **धनु** | : धार्मिक काममा रुचि बढ्नेछ |
| **कर्कट** | : व्यापारमा केही हानि हुने | **मकर** | : काममा एकरुपता आउनेछ |
| **सिंह** | : शत्रु पराजित हुने | **कुम्भ** | : यात्राबाट लाभ हुनेछ |
| **कन्या** | : मानसम्मान बढ्ने | **मीन** | : धनको समस्या पार लाग्नेछ |

# प्यालेस्टाइनीबारे बोल्न त बोल्यौं, तर 'नेपाली टाइम'मा




काठमाडौं/नेपालमा एउटा शब्दावली करिब करिब बदनाम छ : नेपाली टाइम । कुनै बैठक समारोह आदिमा निर्धारित समयभन्दा ढिलो हुनु नेपालमा स्वभाविक मानिन्छ । र, त्यसलाई नेपाली टाइम भनेर तुष्टि लिने गरिन्छ ।

इजरायलले प्यालेस्टाइनीमाथि मच्चाएको आम संहारबारे हामीले प्रतिक्रिया जनाउन पनि त्यस्तै ढिलाई भयो । नागरिक तहमा जुन जागरण पैदा हुँदैछ, प्रतिपक्षी दलहरु त्यसमा बोली मिलाउन थालेका छन् । सरकार त कहिले जाग्ने हो, थाहा छैन । तटस्थताको भाष्यमा टेकेर लगाइएको अनर्थ जो छ ।

हतियारधारी हमासविरुद्ध बदलाको नाममा प्यालेस्टाइनी निहत्था नागरिकमाथि इजरायली सरकारले १४ महिनायता मच्चाइ रहेको आमसंहारविरुद्ध आवाज उठाउन जुनस्तरको ढिलाई भइरहेको छ, यसले नेपाललगायत अन्य देशमा किन विश्वबन्धुत्व अनि मानवीयताको भावना हराउँदै गएको होला भनी घोत्लिन बाध्य पार्छ । विडम्बना, आज संसारैभरिको लोकतन्त्र अन्तर्मुखी बन्दैछ । छेउछाउमा के भइरहेको छ भन्ने मतलब नगर्ने परिपाटीमा नेपाल अछुतो छैन । तर आजभन्दा केही दशकअघिसम्म यस्तो थिएन ।

विश्वको कुनै पनि कुनामा लोकतन्त्र, मानवअधिकारमाथि खतरा उत्पन्न भयो भने यहाँ जुलुस हुन्थे । वक्तव्यहरू निस्कन्थे । नेपालमै त्यस्ता दर्जनौं यस्ता घटना छन्, जहाँ हाम्रो राजनीतिक नेतृत्व र नागरिक समाजले बोल्ने गरेको छ । पाकिस्तानी राष्ट्रपति जुल्फिकर अलि भुट्टोलाई सैनिक तानाशाह जियाउल हक्ले फाँसी दिएका थिए । त्यस घटनाको विरोधमा काठमाडौंस्थित दूतावास घेर्न गएका नेपाली विद्यार्थीहरूमाथि पञ्चायती सरकारले दमनचक्र चलायो । विरोध बढ्दै जाँदा त्यसले पाकिस्तान होइन, नेपालकै सत्ता हल्लायो ।

र, सुधारिएको पञ्चायत कि बहुदल भनेर तत्कालीन राजा वीरेन्द्र शाहले जनमतसंग्रह नै घोषणा गर्न बाध्य भए । तत्काललाई बहुदल पराजित भयो, तर ०४६ को परिवर्तनलाई बाटो देखाउने परिघटना त्यही जनमतसंग्रह थियो । वीपी कोइराला, मनमोहन अधिकारी लगायत नेताहरूले विगतमा कतिपय देशहरूमा भएका अलोकतान्त्रिक कदमको विरोधमा बोलेका छन् । बोलेका मात्रै होइनन्, लडेका पनि छन् । कोइराला, अधिकारी ती नेता हुन्, जसको पसिना भारतको स्वतन्त्रता संग्राममा समेत परेको छ ।

तर अचेल यस्ता विरोधबाजी सुनिँदैन । पोहोरको दशैं आसपासदेखि निहत्था प्यालेस्टाइनीमाथि इजरायली सत्ताले बर्बर र नृशंस आक्रमण गर्दा पनि नागरिक तहमा समेत थोरै व्यक्ति र समूहबाहेक अरुलाई मतलब नै हुन छाडेजस्तो छ । यस्तैमा सोमबार राजधानीको शान्तिवाटिकामा एउटा बेग्लै खालको 'कोलाहल' सुनियो, न्यायको । प्रगतिशील रुपान्तरण आन्दोलन नेपालले यसको संयोजन गरेको थियो ।

पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल प्रचण्ड, बाबुराम भट्टराई र माधव नेपाल त्यहाँ सहभागी थिए । ९० वर्ष पुग्दै गरेका पुराना वाम नेता मोहनविक्रम सिंहदेखि मधेसका नेता उपेन्द्र यादव पनि त्यहाँ थिए । उसो त आक्रमण सुरु भएको अर्को महिनातिर रुपान्तरण आन्दोलन सहित अरु पक्ष पनि सडकमा निस्कन थालेका थिए । यसरी निस्कनेमा मसाल, नेमकिपा लगायत साना कम्युनिस्ट घटक, अनि मानव अधिकारकर्मी, पत्रकारहरू थिए ।

पोहोर पुस १७ गते पाटनको कृष्णमन्दिरमा पत्रकार, मानवअधिकारकर्मी, कलाकार, समाजशास्त्री लगायतले गाजामा मारिएका सयौं निहत्था नागरिक, ७० पत्रकारको हत्यामा मैनबत्ती बालेर शोक मनाए । इजरायलले मच्चाएको नरसंहारको विरोध गरे । त्यस शोकसभामा सहभागी समाजशास्त्री हिमाली दीक्षितले युद्ध मच्चाउने इजरायलमा नेपाली मजदुरलाई सुरक्षा र नैतिकताका खातिर नपठाउन अपिल गरिन् ।

श्रम मन्त्रालयले गत असारमा नेपाली मजदुरलाई फेरि इजरायल पठाउन अनुमति सहित आवेदन खुलाएपछि त्यसको विरोधमा अपिल प्रकाशित गर्दै उनले भनिन् , 'नैतिकता नै नभएको राज्यले आफ्ना जनताको सुरक्षाको मतलब नराख्ने रहेछ र पराई देशमा भइरहेको 'जेनोसाइड' लाई आड पुऱ्याउनबाट पछि हट्दो रहेनछ । एउटा युद्धअपराधी मुलुकसँगको सम्बन्धलाई र थोरै व्यवसायीको आर्थिक लाभलाई प्राथमिकता दिन्छ, जनताको हितलाई प्राथमिकता दिनुभन्दा । 'जेनोसाइड' गराउने देशसँग सम्झौता गरेर हामीले मान्यता दिनु हुँदैन र श्रम सहयोग पुऱ्याएर त्यसलाई 'जेनोसाइड' गराउनका लागि चाहिने भौतिक मद्दत त झनै दिनै हुँदैन ।'

पोहोर १७ पुसमा पाटनको कृष्णमन्दिरमा आयोजित शोकसभा, जहाँ प्यालेस्टाइनमा इजरायलबाट मारिएका ७० पत्रकारको हत्यामा नेपाली नागरिक अगुवा, बुद्धिजीवी, पत्रकार, कलाकार मैनबत्ती बालेर उभिएका थिए ।

जागरुक नेपाली नागरिकहरुको यो समूहमात्रै होइन, अरु केही समूहले माइतीघर मण्डलामा पनि पटक पटक सभा गरे । दुर्भाग्यवश ठूलो हत्या रचिँदा पनि नेपाली वौद्धिक वर्ग, र आम नागरिकले बोल्न ढिलाई गरेकामा क्षुब्ध जमात निकै सानो छ । मानवता र न्यायको पक्षमा स्वतस्फुर्त नागरिक चेतनाको कमी यसपल्ट पनि देखिएको छ । त्यसैबीचमा गठन भयो 'प्यालेस्टिनीहरूमाथि इजरायलबाट भइरहेको जनसंहार विरुद्ध संयुक्त अभियान, नेपाल ।'

श्याम श्रेष्ठले संयोजन गरेको यो अभियानले पोहोरदेखि नै दर्जनौं कार्यक्रमहरू गरिसकेको छ । यसै क्रममा सोमबार राजनीतिक नेतृत्व डाकेको अभियानले मंसिर ८ गते राजधानीको माइतीघर-नयाँ बानेश्वरमा मार्च गर्नुका साथै माइतीघर मण्डलामा विरोधसभा गऱ्यो ।

त्यस सभामा बृहत् नागरिक आन्दोलनका तर्फबाट लेखक सन्जीव उप्रेतीले बोल्दै भनेका थिए, 'इजरायलले प्यालेस्टिनीहरूमाथि गरिरहेको अत्याचारका विरुद्ध हामीले पटक पटक आवाज उठाएका छौं, र संसारको कुनै पनि भागमा हुने अत्याचारका विरुद्ध नेपाली नागरिकहरूको सधैं साथ र समर्थन हुन्छ ।' र उप्रेतीले यो पनि भने, 'कुनै बेला आफैं उत्पीडित रहेको इजरायल यतिखेर भने उत्पीडकको भूमिकामा रहेको छ ।'

अगुवाहरूले नेपाल सरकार यही विन्दुमा इजरायलको विरोध गर्न चुकेको भन्दै आलोचना गरे । श्याम श्रेष्ठको अगुवाइमा बालुवाटार पुगेका ती नागरिकहरूले गत ५ मंसिरमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्दै संयुक्त राष्ट्रसंघमा इजरायलको नरसंहारका विरुद्ध नेपाल खुलेर नउभिएको, बरु तटस्थ बसेको भन्दै आलोचना गरे । बालुवाटारस्थित प्रधानमन्त्रीको सरकारी निवास पुगेका नेता नारायणकाजी श्रेष्ठ, देव गुरुङ, सीपी गजुरेल लगायतले ध्यानकर्षणपत्र बुझाउँदै नेपालको तटस्थ परराष्ट्र नीतिको मान्यतामा परिवर्तन गर्न र अन्यायमा परेकाको पक्षमा स्पष्ट रूपमा संयुक्त राष्ट्रसंघजस्ता मञ्चमा मत जाहेर गर्नसमेत माग गरे ।

उनहरूले उक्त ज्ञापन पत्रमा हमासले नियन्त्रणमा राखेका नेपाली विपीन जोशी र इजरायलमा रहेका हजारौं नेपाली युवाहरुको जीवन रक्षा गर्नका लागि युद्ध चलुन्जेल नेपाल ल्याउन समेत माग गरे । प्रधानमन्त्री ओलीले उनीहरूलाई जवाफमा भनेका थिए, 'नेपाल विश्व शान्ति, मानव अधिकार र न्यायका पक्षमा नै छ । तटस्थता भनेर हामी बलियाले कुटिर हने र निर्धोले सही रहने भन्ने पक्षमा होइनौं । हामी कुनै सैन्य गठबन्धनमा छैनौं । तर यसको मतलब अन्याय सहेर बस्छौं भनेको होइन ।'

यद्यपि नेपालले औपचारिक रुपमा इजरायलको खण्डन भने गरेको छैन । अनि इजरायलमा श्रमिक पठाउने इजाजत भर्खरै खुला गरेर घुमाउरो परामा त्यसको समर्थन दिएको छ । समाजशास्त्री हिमाली दीक्षित भन्छिन्, 'नेपाल सरकारले यति बेला इजरायलमा मजदुर पठाउँछ भने उसले पनि जेनोसाइड गराउन सघाएको मान्नुपर्छ । जुन राज्य जेनोसाइडलाई आड दिनबाट पछि हट्दैन, त्यो अनैतिक राज्य आफ्नै नागरिकलाई इजरायलजस्तो असुरक्षित युद्धक्षेत्रमा धकेल्न पनि पछि हट्दैन ।'

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले विद्रोही हतियारधारी हमासविरुद्ध युद्ध छेडेको घोषणा गरे पनि अहिलेसम्म विद्रोही नभई निहत्था प्यालेस्टाइनी नागरिकमाथि घरघरमा घुसेर, सुरुङबाट मान्छे थुतेर आक्रमण गरेको दृष्टान्त बढ्ता छ । नागरिक अगुवा श्रेष्ठ प्रश्न गर्छन्, 'इजरायलले यो बीचमा जति मान्छे मारेको छ, यो संख्या र बर्बरता भनेको हिटलरले यहुदी मारेको संख्याभन्दा थोरैमात्र कम हो । यति ठूलो नरसंहार मच्चिँदा पनि विश्व बेखबर बस्न मिल्छ ?'

शान्ति बाटिकामा बोल्दै माओवादी अध्यक्ष प्रचण्ड, एकीकृत समाजवादी अध्यक्ष नेपाल र नेसपा नयाँ शक्तिका अध्यक्ष भट्टराईले गाजामा मच्चिएको नरसंहारविरुद्ध नेपाली नागरिकले देखाएको जागरुकतामा ऐक्यबद्धता जनाए । जनमोर्चाकी दुर्गा पौडेल, जसपाका उपेन्द्र यादव, महिला अधिकारकर्मी शशि श्रेष्ठले पनि त्यहाँ बोलेका थिए । पूर्वप्रधानमन्त्री भट्टराईले भने, '२१ औं शताब्दीमा आएर अहिले इजरायलले प्यालेस्टाइनका स्कुल र अस्पतालमा बम खसालेको छ । गाजा क्षेत्रमा त्यहाँका प्यालेस्टिनी नागरिकहरूलाई नरसंहार गरेर त्यो क्षेत्र नै खाली गराएको छ । यति क्रुर नरसंहार २१औं शताब्दीमा हुनु सबैको निम्ति लज्जाको विषय हो । हामी थोरै भए पनि जिउँदा मान्छे नेपालमा अझै रहेछौं ।'

पोहोर अक्टोबर ७ मा हमासले इजरायलमा गरेको आक्रमणको बदला भन्दै इजरायल सरकारले हजारौं निहत्था प्यालेस्टिनी र लेबनानी सर्वसाधारणमाथि आक्रमण थालेको थियो । गाजाको सरकारी तथ्यांकअनुसार यो १४ महिनामा इजरायली आक्रमणबाट मात्र ६९ प्रतिशत महिला र बालबालिकासहित ४५ हजार भन्दा बढी निहत्था सर्वसाधारण मारिएका छन् ।

गाजा क्षेत्रबाट मात्र १९ लाख प्यालेस्टिनी अर्थात् त्यस क्षेत्रको ८५ प्रतिशत जनसंख्यालाई आफ्नो घर र बासस्थान छोडेर विस्थापित हुन बाध्य तुल्याइएको विभिन्न तथ्यांकबाट देखिन्छ । नागरिक अगुवा श्रेष्ठलगायतले जारी गरेको वक्तव्यमा भनिएको छ, 'इजरायलको आक्रमणबाट गत: एक बर्षमा गाजामा मारिएका बालबालिका र महिलाको संख्या त्यति नै हुन्छ जति गएको बीस वर्षमा विश्वभरिको युद्धमा मारिएका बालबालिका र महिलाको संखया हुन्छ । यो घटनालाई एक्काइसौं शताब्दीकै सबैभन्दा ठूलो जातीय नरसंहार एवं जातीय सफाया भन्न सकिन्छ ।'

नागरिक अगुवाहरुले चेतनशील नागरिकहरूलाई इजरायलले देखाएको मानवता विरोधी संहारको विरोधमा उभिन अपिल गरेका छन् । तर नेपालले राज्य अनि नागरिक तह दुवैबाट समयमा बोल्न चुकेकामा रोष प्रकट गर्नेहरु पनि त्यत्तिकै छन् । समाजशास्त्री दीक्षितले भनिन्, 'हामी चुकेकै हौं । इस्यु बुझेर प्यालेस्टाइनको विषयमा हाम्रो ऐतिहासिक अडानलाई निरन्तरता दिन सक्नुपर्थ्यो। तर हामी जेनोसाइड गर्ने इजरायल र उसका समर्थक राष्ट्रहरुको दबाबमा परेर केही बोलेनौं ।'

*(स्रोत: अनलाइनखबर)*

# विश्वविद्यालयको 'मेरिट'लाई नसुहाउने एमाले महासचिवको बोली

काठमाडौं/२०४८ सालमा त्रिभुवन विश्वविद्यालयको उपकुलपति बनेका थिए केदारभक्त माथेमा । तर, कार्यकाल सकिन एक वर्ष बाँकी छँदै उनले राजीनामा दिए । २०५१ सालमा नेकपा एमालेको नेता मनमोहन अधिकारी नेतृत्वमा सरकार बन्यो ।

त्यसपछि शिक्षामन्त्री भए- मोदनाथ प्रश्रित । घुमाउरो हिसाबमा प्रश्रितले माथेमालाई मार्गप्रशस्त गर्न भने । माथेमा भागबन्डामा रुमल्लिन चाहेनन् र राजीनामा दिए । 'मैले किन विश्वविद्यालय छोडें ? के भन्ने, के नभन्ने ! एउटा रुलिङ पार्टीले मार्गप्रशस्त गर भनेपछि बस्न चाहिनँ,' माथेमा भन्छन् ।

त्यो समयमा माथेमालाई डिन र क्याम्पस प्रमुख नियुक्तिका लागि दबाब थियो तर, उनले दबाबमा काम गर्न चाहेनन् । माथेमाले यो प्रसङ्ग उठाउनुको कारण छ, यतिबेला त्रिविको ८ वटा संकायको डिन र १८ वटा क्याम्पसमा प्रमुख नियुक्ति गर्नुपर्नेछ । त्यस प्रकरणका बाछिटा राजनीतिक दलका कार्यालयसम्म पुग्न थालेका छन् ।

यसमा दलहरूले भाग खोजिरहेको माथेमाको बुझाइ छ । 'म भीसीबाट बाहिरिएपछि झन् दलीय भागबन्डामा नियुक्ति गर्ने चलन मौलाएको छ,' माथेमा भन्छन् । यसपटक त्रिविले मेरिटका आधारमा डिन र क्याम्पस प्रमुख नियुक्ति गर्न छनोट समिति बनायो । प्रत्येक छनोट समितिले तीन/तीन जनाको नाम सिफारिस गरेको छ । तर, कार्यकारी परिषद्रुमा सहमति नहुँदा डिन र क्याम्पस प्रमुख नियुक्ति हुन सकेको छैन ।

यसमा सरकारको नेतृत्व गरिरहेको दल नेकपा एमालेका महासचिव शंकर पोखरेलले उपकुलपति प्राडा केशरजंग बरालको कार्यशैलीमाथि प्रश्न उठाएपछि यो मामिला थप पेचिलो बनेको छ । उपकुलपति बराललले आफू निकटका व्यक्तिलाई डिन र क्याम्पस प्रमुख बनाउन लागेको टिप्पणी पोखरेलले सामाजिक सञ्जाल फेसबुकबाट गरेका छन् ।

'विश्वविद्यालयमा एउटा निश्चित वैचारिक समूहलाई निषेध गर्नेगरी मेरिटोक्रेसीको भद्दा नाटक मञ्चन गरिरहेका छन् । यसप्रकारको क्रियाकलापले त्रिभुवन विश्वविद्यालय अघि बढ्ने होइन झन् धराशायी हुनेछ,' महासचिव पोखरेलले लेखेका छन् । महासचिव पोखरेलको यो अभिव्यक्तिमाथि पूर्व भीसीहरूको विमति छ ।

'रूलिङ पार्टीले सधैं किन यस्तो गर्छ ? मलाई अचम्म लाग्छ,' माथेमा भन्छन्, 'आफ्नो टिम बनाउने अधिकार भीसीको हो । विश्वविद्यालय बाहिरबाट कसैले दबाब दिनु हुँदैन ।' कांग्रेस, एमाले माओवादी कसैले पनि उपकुलपतिलाई दबाब दिन नमिल्ने मत माथेमाको छ । माथेमाको तर्कसँग पूर्व उपकुलपति कमलकृष्ण जोशी पनि सहमत छन् । 'विश्वविद्यालयमा सबैको चासो हुनुपर्छ । तर राजनीतिक पार्टीको नेताले विश्वविद्यालयको पदाधिकारीलाई दबाब दिन्छ भने त्यसलाई स्वीकार गर्न सकिंदैन,' जोशी भन्छन्, 'राजनीतिक हस्तक्षेप रोकिनुपर्छ ।'

त्रिविमा दलहरूको हस्तक्षेप रोक्न त्रिविको कुलपति प्रधानमन्त्री हुने व्यवस्था हटाउनुपर्ने मत माथेमाको छ । 'विश्वविद्यालय बोर्डले चलाउनुपर्छ । बोर्ड अफ ट्रस्टिजको मोडेलमा जानुपर्छ । प्राज्ञले बहस गर्ने थलो हो । दलहरू लड्ने ठाउँ होइन,' माथेमा भन्छन् ।

त्रिविलाई राजनीतिबाट मुक्त गराउन आफूहरू लड्दा-लड्दा पनि नसकेको गुनासो माथेमाको छ । 'हामी त लड्दा-लड्दा थाकिसक्यौं । विज्ञप्ति मात्रै कति निकाल्यौं । तर राजनीतिक हस्तक्षेप रोकिएको छैन । त्रिविलाई स्वायत्त काम गर्नदिनुहोस्,' माथेमा भन्छन् ।

त्रिविका उपकुलपति बराल भने सिंहदरबार चलाए जसरी विश्वविद्यालय चलाउन नहुने तर्क गर्छन् । 'सिंहदरबारमा जे छ विश्वविद्यालयमा पनि त्यस्तै गर्न खोज्नु हुन्छ । यो परम्परा रहेसम्म विश्वविद्यालय यस्तै रहन्छ', उनी भन्छन् ।

उपकुलपति बराललले डिन र क्याम्पस प्रमुख नियुक्तिका लागि आफू एक्लैले छनोट समिति र मापदण्ड नबनाएको बताएका छन् । एमाले महासचिव पोखरेलले उपकुलपति बराललले आफू निकटकालाई डीन र क्याम्पस प्रमुख बनाउने गरी समिति र मापदण्ड बनाएको आरोप लगाएपछि उनले सबैलाई समेटेर समिति र मापदण्ड बनाएको स्पष्ट पारे ।

'उहाँको आरोप सत्य होइन । कहाँ म एक्लैले बनाएको हो र ! साइन्सको, कृषिको, आईओएमको संयोजक को हुन् ? क्याम्पसको छनौट समिति रेक्टरले र सहपरीक्षा नियन्त्रक रजिस्ट्रारले बनाएको हो । म एक्लैले कहाँ छनोट समिति गठन गरेको छु ? मेरो क्षेत्राधिकारमा पर्ने मैले बनाएको हुँ । कहाँ सबै एक्लैले गर्न सक्छु ?', बराललले प्रतिप्रश्न गरेका छन् ।

उपकुलपति बराललले आफू एक्लैले विश्वविद्यालय चलाउन नसक्ने बताउँदै नियुक्ति कार्यकारी परिषद्ले गर्ने बताए । 'विश्वविद्यालय भीसीले मात्र चलाउने होइन । नियुक्ति गर्ने कार्यकारी परिषद्ले हो । कसरी म एक्लैले चलाए भन्न मिल्छ ?', उपकुलपति बराललले भने ।

*(स्रोत: अनलाइनखबर)*

# प्रकाश र परीक्षालाई लिएर 'सोल्टिनी' बन्ने, असोज ३ गतेलाई रिलिज घोषणा




काठमाडौं/गत वर्ष प्रदर्शनमा आएको फिल्म 'रङ्गेली'बाट निर्देशनमा डेब्यु गरेका अर्जुन सुवेदीले आफ्नो दोस्रो फिल्म 'सोल्टिनी'को निर्माण घोषणा गरेका छन् । सोमबार घोषणा टिजर र फर्स्टलुक पोस्टरमार्फत् फिल्मका मुख्य कलाकार र कथावस्तुबारे जानकारी गराइयो । अभिनेता प्रकाश सपूत र अभिनेत्री परीक्षा लिम्बूलाई लिएर बन्न लागेको फिल्मले जातीय भेदभाव र वियोगान्त प्रेमकथा भन्नेछ ।

सार्वजनिक पोस्टरमा प्रकाश र परीक्षा भावुक मुद्रामा प्रस्तुत छन्, जसले उनीहरुबीच विछोड हुन लागेको संकेत गर्छ । घोषणा टिजरमा भने चर्चित 'स्टोरी टेलर' साइग्रेस पोखरेलले फिल्मको भाव बुझाउने कथावाचन गरेका छन् । त्यसपछि प्रकाश र परीक्षाको पात्र परिचय दिँदै उनीहरुबीच अन्तिमपटक भेट हुँदाको मर्मस्पर्शी संवाद समावेश छ ।

टिजरमा उल्लेख भए अनुसार फिल्ममा प्रकाश 'भीमसेन पोखरेल' र परीक्षा 'दिलासा राई'को भूमिकामा प्रस्तुत हुनेछन् । कथा भने भोजपुरको गाउँको हुनेछ । फिल्ममा प्रकाश र परीक्षाबाहेक अन्य कलाकारहरु निश्चित भएका छैनन् । आगामी पुष १५ गतेबाट छायांकनको तयारी गरिएको फिल्मलाई २०८२ सालको असोज ३ गते (संविधान दिवस) प्रदर्शन गरिने जनाइएको छ ।

प्लानेट थ्री फिल्म्सको प्रस्तुति तथा नेपसिनेको र योलो इन्टरटेन्मेन्टको सहकार्यमा बन्न लागेको फिल्मको निर्मातामा रेजिना विष्ट र संसार चौलागाईं छन् । फिल्मलाई नेपालमा आरआर फिल्म्स र अन्तर्राष्ट्रिय बजारमा नेपसिनेले वितरण गर्ने निश्चित भइसकेको छ ।

# दार्जिलिङ प्रिमियरमा 'बम बहादुर'लाई प्रशंसा



काठमाडौं/आगामी पुष ५ गतेबाट नेपाल र भारतमा एकसाथ प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'बम बहादुर'को भारतस्थित दार्जिलिङ शहरमा प्रिमियर गरिएको छ । आइतबार दार्जिलिङको गोर्खा रंगमञ्चमा भएको प्रिमियरमा फिल्मले अब्बल प्रतिक्रिया प्राप्त गरेको निर्देशक जोन राईले बताए । फिल्म हेरेका कतिपय दर्शकले आफ्नै भोगाइ र संघर्ष पर्दामा आएकोमा खुसी व्यक्त गरेका थिए ।

ओख्ली ढिकी प्रोडक्सनले आयोजना गरेको प्रिमियरमा फिल्मका निर्देशकदेखि कलाकारहरुलाई सम्मान समेत गरिएको थियो । फिल्म 'बलिदान'को छायांकनमा व्यस्त भएकाले अभिनेता सौगात मल्ल भने प्रिमियरमा उपस्थित हुन सकेनन् । अनिशा रसाइली, अजय प्रधान, शान्तिला तामाङ; बाल क्लाकार वशिस्ट कार्की, प्रभात पाख्रिन लगायत प्रिमियरमा सहभागी थिए ।

'बम बहादुर'ले दार्जिलिङ र डुअर्स क्षेत्रमा बस्ने नेपाली समुदायले गरेको ऐतिहासिक सैर्षलाई चित्रण गर्ने निर्देशक राईले बताए । १९८० को दशकमा भएका घटनाहरूमाथि फिल्म आधारित रहेको उनको भनाई छ । उनी फिल्मलाई भारतका नेपाली समुदायले गरेको सैर्षको डिजिटल दस्तावेजको रुपमा व्याख्या गर्छन् ।

बिस्ट ब्रदर्स फिल्म्सको निर्माणमा बनेको फिल्मका निर्माता सञ्जीव सार्की हुन् । लाइन प्रोड्युसरमा भने प्रकाश हमाल छन् । जोन राई र रुपेश तामाङको कथा र पटकथा लेखन रहेको फिलममा सुजोय कुमार घोष 'मुन्ना'को छायाङ्कन तथा ज्ञान गुरुङको सम्पादन छ । यसमा संगीत दीपङ्कर सिंह मुखियाको रहेको छ भने म्यूजिक एरेन्जमेन्ट र ब्याकग्राउन्ड स्कोर इजाज अलीले गरेका छन् ।

# प्रदीपको टिप्पणी- 'नेपाली फिल्म फेमिली विजनेशजस्तो भयो'घ




काठमाडौं/राम्रो वाककला भएका अभिनेता हुन्, प्रदीप खड्का । उनी जुनसुकै विषयमा तर्कसहित आफ्नो धारणा राख्न माहिर छन् । तर, कहिले काहीं उनका अभिव्यक्ति उनकै लागि टाउको दुखाइको विषय बनिरहेको हुन्छ । कहिले फेसबुकमा लेखेको स्टाटस त कहिले विभिन्न कार्यक्रममा बोलेका कुराले धेरैपटक उनको आलोचना भएको छ । आइतबार एक कार्यक्रममा उनले दिएको अभिव्यक्ति पनि यतिबेला चर्चाको विषय बनेको छ ।

भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्डमा आयोजित 'कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (किफ)को दोस्रो संस्करणको मिति घोषणा कार्यक्रममा प्रदीपले नेपाली फिल्म किराना पसल शैलीको फेमिली विजनेशजस्तो भइरहेको धारणा राखेका थिए । जसले गर्दा आमा निर्देशक, बुबा निर्माता, छोरछोरी हिरो-हिरोइन बनिरहेको उनको तर्क थियो ।

उनले भनेका थिए, 'आजसम्म नेपाली फिल्म फेमिली विजनेशजस्तो भइरहेको छ । त्यो पनि किराना पसल शैलीको । १० बजेसम्म बुबा पसलमा बस्ने । १० बजे सन्तान स्कूल गएपछि आमा पसलमा बस्ने । ३/४ बजे सन्तान फर्किएपछि उनीहरु पसलमा बस्ने अनि आमा घरभासा गर्न जाने जस्तो शैलीमा नेपाली फिल्म चलिरहेको छ । आमा निर्देशक, बुबा प्रोड्युसर, छोराछोरी हिरो-हिरोइन ।'

प्रदीपको यो व्यंग्यात्मक टिप्पणीमा बोर्डको सभा हल हाँसोले गुञ्जिएको थियो भने उनी आफैंले पनि हाँसो रोक्न सकेका थिएनन् । कार्यक्रमको प्रमुख अतिथि रहेका चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले पनि हाँस्दै मुन्टो हल्लाएर प्रदीपको तर्कमा समर्थन जनाएका थिए । प्रदीपको उक्त टिप्पणी सन्तानलाई लिएर फिल्म बनाइरहेका आमाबुबाप्रति लक्षित थियो ।

नेपाली फिल्मलाई विजनेशको रुपमा हेरिनुपर्ने प्रदीपको धारणा छ । त्यसका लागि उनी कर्पोरेट कल्चर स्थापित हुन जरुरी देख्छन् । उनी भन्छन्, 'जब हामीले फिल्ममा कर्पोरेट कल्चर स्थापित गर्छौं, त्यो दिन डिजर्भिङले अवसर पाउँछन् । कर्पोरेट कल्चरले मैले यति लगानी गर्दा रिटर्न कति आउँछ भनेर सोच्छ । रिटर्न आउँछ भने लगानी गर्छ नभए गर्दैन ।' उनी नेपाली फिल्म क्षेत्रमा कर्पोरेट कल्चर र पोलिसी लेभलमा काम गर्न जरुरी रहेको ठान्छन् ।

प्रदीपले नेपाली फिल्मले शो नपाउने समस्याको समाधानका लागि कोटा सिस्टम लगाउन जरुरी रहेको पनि औंल्याए । 'हामीले 'प्रकाश'को बेला शो पाएन भनेर धेरै भन्यौं । यो समस्या समाधान गर्न एउटा पोलिसी बनाउन जरुरी छ,' उनले भने, 'कोटा सिस्टम हाम्रो नेपालमा धेरै छ ।

३०/३५ प्रतिशत स्क्रिनमा शुक्रबार र शनिबार नेपाली फिल्मलाई आरक्षण गर्ने हो भने तीनवटा स्क्रिन भएको ठाउँमा नेपाली फिलमले एउटा स्क्रिन अनिवार्य पाउँछ । त्यो हुँदा शोको समस्या नै हुँदैन ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# अख्तियार हेटौंडामा राजस्व हिनामिनाको उजुरी बढ्दो




साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ अखितयार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा पछिल्लो समय राजस्व हिनामिनाको उजुरी बढ्दो छ । चालु आर्थिक वर्षको साउनदेखि कार्तिक मसान्तसम्म परेका उजुरीमध्ये अधिकांश उजुरी राजस्व हिनामिनाको रहेको पाइएको हो ।

अखितयार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाका कार्यालयप्रमुख उमाकान्त आचार्यले चालु आवको चार महिनाको अवधिमा एक हजार ६६० उजुरी परेकोमा एक हजार ७६ उजुरी राजस्व हिनामिनाको रहेको जानकारी दिए । उनका अनुसार, अख्तियारको कार्यालय हेटौंडामा दर्ता भएको उजुरीमध्ये ७०० फर्छ्यौट भएको छ भने ९६० फर्छ्यौट हुन बाँकी छ ।

कार्तिक मसान्तसम्म गैर कानुनी लाभहानीका १८८, विविध १२६, सार्वजनिक खरिद निर्माण १००, भूमि ४९, शैक्षिक प्रमाणपत्र १०, गैर कानुनी सम्पत्ति ९ र घुस, रिस्वतसम्बन्धी २ वटा उजुरी दर्ता भएको उनले बताए । आयोगमा फेसबुक, समाचारपत्र, आयोगको वेबसाइड, भाइबर, हुलाक सेवा, इमेल, मोवाइल एप, हेलो सरकार, टेलिफोन, राष्ट्रिय सतर्कता केन्द्र, प्रमुख जिल्ला अधिकारी र लिखित निवेदन पर्ने गरेको पाइएको छ ।

तीमध्ये लिखित, इमेल र हुलाकबाट उजुरी आउनेको संख्या धेरै रहेको आयोगको तथ्यांकमा उल्लेख छ । आयोगको कार्यालय हेटौंडाले मकवानपुरसहित रौतहट, बारा, पर्सा, चितवन, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक र दोलखालाई कार्यक्षेत्र बनाएर उजुरी लिने र आवश्यक कारबाही गर्ने गरेको छ ।

## एनपीएल :

# यी हुन् हालसम्म सर्वाधिक रन बनाउने र विकेट लिने खेलाडी




काठमाडौं, २४ मंसिर/ काठमाडौंमा जारी नेपाल प्रिमियर लिग एनपीएल क्रिकेटमा १५ वटा खेलहरू सकिएका छन् । हालसम्म आइपुग्दा जनकपुर बोल्ट्स चार खेलमा अपराजित रहेको छ भने लुम्बिनी लायन्स चार खेलमा जितविहीन छ ।

यीबाहेक सुदूरपश्चिम रोयल्स र चितवन राइनोजको ४ खेलमा ३ जित तथा पोखरा एभेन्जर्स र काठमाण्डु गुर्खाजको ३ खेलमा १ जित छ । विराटनगर किंग्सको ४ खेलमा १ जित छ ।

एनपीएलमा हालसम्म आउँदा एक शतक प्रहार भएको छ भने १६ अर्धशतक प्रहार भइसकेका छन् । त्यस्तै बलिङमा तीनजनाले एकै खेलमा ५ विकेट लिएका छन् ।

आज चर्चा गरौं सर्वाधिक रन बनाउने र सर्वाधिक विकेट लिने शीर्ष ५ खेलाडीहरू ।

**सर्वाधिक रन** :

१. रोहित पौडेल : लुम्बिनी लायन्स टिमका कप्तान रहेका रोहित पौडेलले ४ खेलमा १८१ रन बनाएका छन् । उनको सर्वाधिक स्कोर ९५ रहेको छ भने औसत ४५ को छ । उनले १३७ को स्ट्राइक रेटमा खेलिरहेका छन् । उनी सर्वाधिक रन बनाउने खेलाडी भएपनि टिम भने जितविहीन छ ।

२. लाहिरु मिलान्था : जनकपुर बोल्ट्सका अमेरिकी खेलाडी मिलान्थाले ४ खेलमा १६८ रन बनाएका छन् । उनको सर्वाधिक स्कोर ७५८ छ भने औसत ५६ को रहेको छ । उनले १३९ को स्ट्राइक रेटमा खेलेका छन् ।

३. रवि बोपारा : चितवन राइनोजका इंग्लिस खेलाडी बोपारा ४ खेलमा १५७ रन बनाउँदै हालसम्म सर्वाधिक रन बनाउने सूचीमा तेस्रो नम्बरमा छन् । उनको सर्वाधिक स्कोर ५९८ छ भने रुऔरुसत ५२ को छ । उनले झण्डै १५० को स्ट्राइक रेटमा रन प्रहार गरिरहेका छन् ।

४. दीपेन्द्रसिंह ऐरी : सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रले ४ खेलमा १४० रन बनाएका छन् जसमा उनको उच्च स्कोर ५७८ छ । उनले २०० को स्ट्राइक रेटसहित ७० को औसतमा ब्याटिङ गरिरहेका छन् ।

५. शिखर धवन : कर्णाली याक्सका भारतीय खेलाडी शिखर धवनले ४ खेलमा १३६ रन बनाएका छन् । उनको उच्च स्कोर ७२८ थियो । ४५ को औसतले खेलेका उनी १२२ को स्ट्राइक रेटमा रन बनाएका छन् । उनी चार खेल खेलेर भारत फर्किसकेका छन् ।

यीबाहेक सुदूरका सेफ अली जैब १३३ रन, ब्रेन्डन माकमुलेनको १२५, पोखराका आन्द्रेस गौसको २ खेलमा १२४ रन छ । गौसले शतक नै बनाएका थिए । त्यस्तै लुम्बिनीका टम मूर्स र जनकपुरका अनिल शाहको ४ खेलमा ११३ रन छ ।

**सर्वाधिक विकेट** :

१. सोहेल तनविर : चितवन राइनोजका पाकिस्तानी खेलाडी तनविरले ४ खेलमा ६७ रन दिएर ९ विकेट लिएका छन् । उनको उत्कृष्ट बलिङ फिगर ५-२१ छ । उनले ४.६७ को इकोनोमीमा किफायती बलिङ गरि रहेका छन् ।

२. ललित राजवंशी : जनकपुर बोल्ट्सका ललितले ४ खेलमा ८८ रन दिएर ८ विकेट लिएका छन् । उनको उत्कृष्ट बलिङ फिगर ३-२८ रहेको छ । उनले ५.५ को इकोनोमीमा बलिङ गरिरहेका छन् ।

३. हर्श थाकर : जनकपुरकै थाकरले ४ खेलमा १०४ रन दिएर ८ विकेट लिएका छन् । उनको उत्कृष्ट बलिङ फिगर ५-२८ रहेको छ । उनको इकोनोमी ६.९३ को छ ।

४. स्कट कुग्लेइन : सुदूरपश्चिम रोयल्सका कुग्लेइनले ४ खेलमा ८८ रन दिएर ७ विकेट लिएका छन् । उनको उत्कृष्ट बलिङ फिगर ३-३० रहेको छ भने इकोनोमी ६.२८ को छ ।

५. बिपिन प्रसाद शर्मा : कर्णाली याक्सका आइकोनिक खेलाडी बिपिनले ३ खेलमा ५९ रन दिएर ६ विकेट लिएका छन् । उनको उत्कृष्ट बलिङ फिगर ३-२१ रहेको छ ।

इकोनोमी ४.९१ को छ । बिपिनसँगै सुदूरपश्चिमका तीन बलर हरू ब्रान्डन माकमुलेन, सेफ अली जैब र अविनाश बोहराले समान ६-६ विकेट लिएका छन् ।

सोमबार ब्रेक रहेको एनपीएलमा मंगलबारदेखि पुन: खेलहरू सुरू हुँदै छन् ।

*(स्रोत: अनलाइनखबर)*

# बीउ व्यवसायी संघमा प्रधान

साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ नेपाल बीउ व्यवसायी संघ जिल्ला समन्वय समिति मकवानपुरको अध्यक्षमा कृष्णकाजी प्रधान निर्वाचित भएका छन् । संघको सोमबार हेटौंडामा भएको दसौं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनले प्रधानलाई अध्यक्षमा निर्विरोध निर्वाचित गरेको हो ।

समितिको उपाध्यक्षमा निराजन बर्तौला, सचिवमा फेन्चु लामा, सहसचिवमा सुजन अधिकारी, कोषाध्यक्षमा नेत्र केसी तथा सदस्यहरुमा गौतम प्रधान, डेण्डीजन लामा, सुजल श्रेष्ठ, अविनाश दाहाल र श्रीमती अनिता अधिकारी निर्वाचित भएका छन् । संघको ११ सदस्यीय जिल्ला कार्यसमितिमा एक जना पछि कार्यसमितिबाट मनोनित गर्ने विधानमा व्यवस्था रहेको छ ।

यसअघि अधिवेशनको उद्घाटन गर्दै नेपाल बीउ व्यवसायी संघका केन्द्रीय महासचिव विश्वराज बानियाँले बीउमा परनिर्भर हुने अवस्था बढ्दै गएको बताए । उनले कृषि उत्पादन वृद्धिका लागि गुणस्तरीय बीउ बिक्री गर्न र मर्यादित व्यवसायमा जोड दिएका थिए ।

बीउ व्यवसायी संघ मकवानपुरका अध्यक्ष रमेश अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका प्रथम उपाध्यक्ष हरिशरण अर्याल, संघका नवनिर्वाचित अध्यक्ष कृष्णकाजी प्रधान, नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका पूर्वअध्यक्ष राममणि दाहाल, डेण्डीजन लामा, केशव दुलाललगायतले बोलेका थिए । साधारणमा संघ मकवानपुरका सचिव फेन्चु लामाले सचिवको वार्षिक प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

# भैरहवामा दुई विदेशी वायुसेवा निरन्तर उड्ने, एउटाको एक महिना स्थगन




काठमाडौं/भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान गरिरहेका तीन विदेशी वायुसेवा कम्पनीमध्ये दुईले निरन्तर उडान गर्ने र एउटाले एक महिना स्थगन गर्ने भएका छन् ।

तीनवटै वायुसेवा कम्पनीले मौसमको कारण देखाउँदै उडान नगर्ने भन्दै उड्डयन नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पत्राचार गरेपछि प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले सोमबार छलफलमा बोलाएका थिए ।

युनाइटेड अरब इमिरेट्स (यूएई) को फ्लाई दुबई, कुवेतको जजिरा एयरवेज र थाइल्यान्डको थाई एयर एसियाले भैरहवामा उडान स्थगन गर्ने पत्राचार गरेका थिए । त्यसपछि प्राधिकरण महानिर्देशक अधिकारीले ती तीन वायुसेवाका नेपालस्थित प्रतिनिधिसँग छलफल गरेका हुन् ।

छलफलपछि थाई एयर एसिया र जजिरा एयरवेजले भैरहवाका लागि निरन्तर नियमित उडान गर्ने सहमति गरेको र फ्लाई दुबईले एक महिनाका लागिमात्र उडान स्थगन गर्ने बताएको महानिर्देशक अधिकारीले जानकारी दिए ।

'तीनवटै वायुसेवाका प्रतिनिधिसँग छलफल भयो । उनीहरूसँग राम्रै कुराकानी भयो,' महानिर्देशक अधिकारीले संचार कर्मीसँग भने, 'फ्लाई दुबईले एक महिनापछि दैनिक एक उडान गर्ने बतायो । अरू दुईले भने निरन्तर उडान गर्ने बताए ।'

थाई एयर एसियाले प्रत्येक साता गरिरहेको तीन उडानमा एक कटौती गरी दुई निरन्तर गर्ने र सकेसम्म अर्को उडान सञ्चालन गर्ने प्रयास जारी रहने बताएको अधिकारीले जानकारी दिए ।

फ्लाई दुबईले १६ डिसेम्बर देखि १३ जनवरीसम्म मात्र उडान स्थगन गर्ने छलफलमा बताएको छ । त्यसपछि भने भैरहवाका लागि नियमित उडान गर्ने जनाएको छ । उसले आगामी जनवरी १३-१४ देखि भैरहवाका लागि टिकट बुकिङ सिस्टममा राखिसकेको छ ।

जाडो मौसम सुरु भएपछि बाक्लो हुस्सुका कारण पछिल्लो समय भैरहवा विमानस्थलको भिजिबिलिटी १ हजार २ सय मिटर सम्म हुने गरेको छ । ठूला जहाज उडान-अवतरणका लागि यो पर्याप्त भिजिबिलिटी होइन । ठूला जहाजका लागि कम्तीमा १ हजार ८ सय मिटर भिजिबिलिटी चाहिन्छ ।

भैरहवा विमानस्थलमा 'रिक्वायर्ड नेभिगेसन पर्फर्मेन्स अथोराइजेसन रिक्वायर्ड' (आर एनपीएआर) प्रणाली जडान नभएका कारण न्यून भिजिबिलिटीमा उडान-अवतरण गर्न नसकिएको हो ।

आरएनपीएआर प्रणाली जडान भएपछि न्यूनतम ८ सय मिटर भिजिबिलिटी हुँदा पनि ठूला जहाज सजिलै उडान-अवतरण गर्न सक्छन् । प्राधिकरणका अनुसार डिसेम्बर १२ मा भैरहवा विमानस्थलमा आरएनपीएआर प्रणाली रहेको ग्लोबल्ली प्रकाशित हुन्छ । त्यसको ४२ दिनपछि आर एनपीएआर प्रणालीमार्फत उडान-अवतरण गर्न मिल्छ ।

हाल भैरहवामा फ्लाई दुबई, जजिरा र थाई एयर एसियाबाहके नेपाल वायुसेवा निगमले नियमित उडान गरिरहेका छन् । कतारको कतार एयरवेजले भने ३० नोभेम्बरसम्म मात्र नियमित उडान गर्ने अग्रिम जानकारी दिएर भैरहवाबाट फिर्ता भइसकेको छ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७०४१५, ९८१७०२८४६१४, ९८४५०२७०५७

# आधुनिक माविमा छात्रवृत्ति कोष



साझाकुरा संवाददाता

हेटौंडा, २४ मंसिर/ मकवानपुरका शैक्षिक व्यक्तित्व तथा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविमा करिब २ दशक अध्यापन गरेका सहायक प्रध्यानाध्यापक श्यामप्रसाद पराजुलीको स्मृतिमा छात्रवृत्ति कोष स्थापना गरिएको छ ।

कोषमा पहिलोपटक परिवारका तर्फबाट हाल काठमाडौं निवासी छोरी कल्पना पराजुली र हाल अमेरिका निवासी छोरी सम्झना पराजुलीले सोमबार १ लाख २६ हजार नगद विद्यालयलाई हस्तान्तरण गरेका छन् । 'यस उत्कृष्ट कार्यबाट छात्रवृत्ति कोष आधुनिक राष्ट्रिय माविमा प्रारम्भ गर्न महत्वपूर्ण सहयोग पुगेको छ,' चेक ग्रहण गर्दै माविका प्रअ रामसागर गुरागाईंले भने । छात्रवृत्ति कोषमा सहयोग गर्न चाहने महानुभावहरुलाई उनले हार्दिक आह्वान गरेका छन् ।

हस्तान्तरण कार्यक्रममा वडाअध्यक्ष नवीन सिग्देल, विद्यालय व्यवस्थापन समिति अध्यक्ष मोहम्मद समिम, विद्यालयका पूर्वशिक्षक रोशन पराजुलीलगायत शिक्षकहरुको उपस्थिति थियो । यो विद्यालयसहित वडाका विद्यालय सुधारमा वडाअध्यक्ष सिग्देलको भूमिका निकै महत्वपूर्ण छ । छात्रवृत्तिका लागि अब कार्यविधि बनाइने वडाअध्यक्ष सिग्देलले बताए ।

यो विद्यालय लगातार चौधपटक एसएलसी/एसईई परीक्षामा जिल्ला प्रथम भएको छ । पढाइमा गुणस्तर र विद्यार्थी अनुशासित भएपछि विद्यार्थी खोज्न कतै जानुपर्दैन भन्ने उदाहरण यो विद्यालय बनेको छ । जिल्लाको शैक्षिक नेतृत्व नै आधुनिकले लिएको छ । यसबाट सबैले सिक्दै गएका छन् ।

विद्यालयमा अनुशासन र शैक्षिक अवस्थामात्र होइन, वातावरण पनि रमणीय छ । विद्यालयका चौर हरिया रुखले ढाकेका छन् । खेलकुदलगायत अतिरिक्त क्षेत्रमा पनि स्कुल अग्रस्थानमा छ । विद्यार्थी र शिक्षकको प्राथमिक उपचार गर्न र स्वास्थ्य चेतनाका लागि प्रदेश सरकारले यो विद्यालयमा औषधिसहित विद्यालय नर्सको व्यवस्था गरिदिएको छ । विद्यालयमा करिब २ हजार ७ सय विद्यार्थी छन् ।

# सिमेन्ट भाउ बढ्दा निर्माण प्रभावित, थप नकिन्ने मूडमा निर्माण व्यवसायी

काठमाडौं/निजी सिमेन्ट उत्पादकले 'कार्टेलिङ' गर्दै सिमेन्ट भाउ बढाएसँगै निर्माण क्षेत्र प्रभावित हुन थालेको छ । निर्माण व्यवसायी बढेको भाउमा थप सिमेन्ट किन्न सक्ने अवस्थामा नरहेको नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले बताए ।

'एकातिर भएकै कामको भुक्तानी नपाएको अवस्था छ, अर्कातर्फ सिमेन्टको भाउ बढेपछि बरु निर्माणको काम रोक्ने मूडमा व्यवसायी छन्', उनले भने । अहिले बजारमा माग बढेर नभई सिमेन्ट उत्पादकले कार्टेलिङ गरेर उत्पादन कम गरिरहेको र कृत्रिम अभाव सिर्जना गर्न खोजेको उनको आरोप छ । 'अहिले उत्पादन भइरहेको सिमेन्ट औसत ४० प्रतिशतसम्म कटौती गर्ने भन्नेसम्मको कार्टेलिङ भएको छ' उनले भने, 'यो कृत्रिम अभाव सिर्जना गर्ने मौका मात्र हो ।'

अहिले धेरै निर्माण व्यवसायीले बढेको मूल्यमा सिमेन्ट खरिद गर्न छाडेको उनले बताए । उता, सिमेन्ट उत्पादकले भने विगतमा अस्वस्थ प्रतिस्पर्धा गरी लागतभन्दा कममा बेचिरहेकोमा अब सच्याइएको दाबी गर्दै आएका छन् ।

निर्माण व्यवसायीका अनुसार सिमेन्टको भाउ प्रतिबोरा औसत ७१० देखि ७९५ रुपैयाँ सम्म पुगेको छ । यसअघि बोराको ५०० देखि ६०० रुपैयाँ हाराहारी थियो । पीपीसी र ओपीसी सिमेन्टको भाउ फरक-फरक हुने गर्छ ।

सरकारले पूँजीगत खर्च गर्ने समयमा बढेको सिमेन्टको भाउबारे वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले पनि चासो दिएको छ ।

विभागले आइतबार सिमेन्ट उत्पादकहरूसँग छलफल गर्दै मूल्यसूची मागेको छ । विभागले ७ दिनभित्र मूल्य बढाउनुको आधार बारे स्पष्ट गर्दै मूल्यसूची बुझाउन भनेको विभागका महानिर्देशक राजन पौडेलले जानकारी दिए ।

## हेटौंडा उपमहानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना !

प्रथमपटक सूचना प्रकाशित मिति: २०८१/०८/२५

यस उपमहानगरपालिका वडा नं. १० स्थित बसपार्क क्षेत्रमा रहेको चालिस कोठे भवनको नं.१ कोठा र छ कोठे भवनको नं. ४ गरी दुईवटा कोठाहरु (सटरहरु) खाली रहेको हुदाँ २०८१।०८।११ गतेको निर्णय अनुसार शिलबन्दी दरभाउपत्रको बढाबढ प्रक्रियाबाट भाडामा दिने निर्णय भएको हुँदा इच्छुक व्यक्ति एवम् संघसंस्थाबाट देहायबमोजिमको शर्तहरुको अधीनमा रही सूचना प्रकाशन मितिबाट ७ (सात) दिनभित्र रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु**

१.) दरभाउपत्र फारम खरिद गर्न इच्छुक व्यक्तिले नागरिकता एवम् Pan Number प्रमाणपत्रको प्रतिलिपि र संघसस्थाको हकमा उक्त संघ/संस्था, दर्ता/नविकरण र कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी निवेदन दिनु पर्नेछ । प्रत्येक कोठाका लागि छुट्टाछुट्टै दरभाउपत्र खरिद गर्नुपर्ने छ ।

२) दरभाउपत्र दस्तुर वापत रु. ५००।- (अक्षरेपी पाँच सय रुपियाँ) कायम गरिएको छ । दरभाउपत्र वापतको रकम पछि फिर्ता गरिने छैन ।

३) कोठाको न्युनतम भाडा आर्थिक ऐन, २०८१ मा तोकिएबमोजिम हुनेछ ।

४) दरभाउपत्र यस उपमहानगरपालिकाको राजस्व शाखामा अन्तिम मिति दिनको दिउँसो १२:०० बजे भित्र दर्ता भइसक्नु पर्नेछ ।

५) रितपूर्वक दर्ता भएको दरभाउ पत्रको मिति २०८१/०९/०२ गते दिउँसो २:०० बजे खोलिने हुँदा सो समयमा दरभाउपत्रदाता वा निजले तोकेको व्यक्तिको उपस्थितिमा खोलिनेछ । उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

६) दरभाउपत्र खरिद वा दर्ता (पेश) गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन सो सम्बन्धी कार्य हुनेछ ।

७) कुनैपनि व्यक्ति वा संघसंस्थाको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) अन्य कुनै जानकारी लिन चाहेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गरी लिन सकिनेछ ।

**सूर्य प्रसादगौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना